# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY





दिवंगत भिमबहादुर श्रेष्ठको तस्विरमा श्रद्धाञ्जली अर्पण गरिंदै ।



श्रद्धाञ्जली सभामा सम्मिलित सहभागीहरू ।

ल्हुति पुन्ही

DHARMAKIRTI


- २० अङ्क- १ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# धर्मकीर्तिको बीसौं वर्ष प्रवेश

धर्मकीर्ति पत्रिकाले धर्मकीर्ति विहारको मुख पृष्ठको रूपमा रही कार्य गर्दै आइरहेको आजभोलि भन्दा-भन्दै १९ वर्ष पूरा गरी बीसौं वर्ष प्रवेश गरिसकेको छ। धर्मकीर्ति विहारले महिनाको पाँच दिन बुद्ध पूजा र धर्मदेशना कार्यक्रम निरन्तर रूपले सञ्चालन गरी धर्म प्रचार गर्दै आइरहेको कार्यलाई सन्हानिय नै मान्नु पर्दछ। विहारमा आउन नपाएका र काठमाडौं बाहिरका कतिपय धर्मप्रेमी व्यक्तिहरूले पनि बुद्ध शिक्षाको सत्य तथ्य ज्ञानलाई बुझ्ने मौका प्राप्त गरून् र आफूलाई भक्ति मार्गमा मात्र सीमित नराखी ज्ञानमार्गमा पनि अगाडि बढाई एक शिक्षित र इमान्दार व्यक्ति बन्न सकोस् भन्ने हेतुले धर्म प्रचारार्थ धर्मकीर्ति विहारले यस धर्मकीर्ति पत्रिका प्रकाशन गर्दै आएको हो। जसले आफूलाई ज्ञानमार्गमा डोर्‍याउन सक्छ, उसले मात्र मानसिक शान्ति र सुख प्राप्त गरी सफल जीवन बिताउन सक्षम हुनेछ। धर्म भक्तिभाव पोखी धार्मिक कहलाउनको लागि होइन। धर्म त एक असल र इमान्दार नागरिक बन्नको लागि हो।

यसरी धर्म प्रचारार्थ प्रकाशित यस धर्मकीर्ति पत्रिका प्रकाशन कार्यमा आवश्यक आर्थिक सहयोगको साथै थुप्रै सहयोगीहरूको परिश्रम पनि गाभिएको फलस्वरूप नै यसले २० वर्ष पार गर्न सफल भएको छ। धर्मकीर्ति पत्रिकाले आफूलाई आधुनिक तरिकाले विभूषित पार्न नसके तापनि यसले आफ्नो प्रकाशन कार्यको निरन्तरतालाई प्राथमिकता दिएको छ। पत्रिकाको प्रकाशन कार्य भन्दा पनि प्रकाशित पत्रिकाको वितरण कार्यमा समस्याले पिरोल्ने गरेको देखिन्छ। तैपनि हालसम्म नेपाल अधिराज्यका कतिपय जिल्ला निवासी उपासक उपासिकाहरूले धर्मकीर्ति पत्रिका वितरण कार्यको जिम्मा लिई आवश्यक सहयोग पुर्‍याउँदै आउनु भएको छ। हालसम्म काठमाडौं, भक्तपुर, ललितपुर, बुटवल, नारायणघाट, हेटौंडा, त्रिशुली, चैनपुर, धरान, विराटनगर, पोखरा, भोजपुर, बाग्लुङ्ग, बेनी, तानसेन, पाल्पा आदि स्थानहरूमा ग्राहकहरू बनाई पत्रिका वितरण कार्यको जिम्मा लिनुहुने सहयोगीहरू यसरी रहनु भएको छ–

| क्र.सं. | ग्राहक बनाउने सहयोगीहरूको नामावली | ठेगाना |
|---|---|---|
| १. | रत्नमञ्जरी गुरुमाँ | धर्मकीर्ति विहार |
| २. | रूपशोभा शाक्य | नयाँ बजार |
| ३. | रोशनकाजी तुलाधर | भोटाहिटी |
| ४. | प्रेमशोभा कंसाकार | लालदरवार |
| ५. | अमीर कुमारी शाक्य | ढल्को |
| ६. | सहना मानन्धर | ताहाचल |
| ७. | रवि नारायण मानन्धर | तँलाछी |
| ८. | रामकृष्ण महर्जन | लाजिम्पाट |
| ९. | प्रेमकाजी बनिया | मरू |
| १०. | अशोक कुमार | नयाँ बजार |
| ११. | धनबहादुर | ढल्को |
| १२. | चन्द्रशील गुरुमाँ | बलम्बु |
| १३. | चन्द्रकुमार गुरुजु | बसन्तपुर |
| १४. | श्यामलाल चित्रकार | भाटभटेनी |
| १५. | अनुपमा गुरुमा | धर्मकीर्ति |
| १६. | अरूण शिद्धि तुलाधर | मखन टोल |
| १७. | इन्द्रकुमार नकर्मी | ढल्को |
| १८. | विकासरत्न तुलाधर | असन |
| १९. | कमल मैयाँ बज्राचार्य | ज्वा:बहा: |
| २०. | निलमान सिंह | टेंगल |
| २१. | मीनशोभा शाक्य | टेंगल |
| २२. | अगम्यरत्न कंसाकार | मासंगल्ली |
| २३. | निर्मलमान तुलाधर | बालकुमारी |
| २४. | शोभियतरत्न तुलाधर | न्यत |
| २५. | चमेली गुरुमाँ | धर्मकीर्ति |
| २६. | रामभक्त प्रधान | बनेपा |
| २७. | रत्नज्योति शाक्य | पाटन |
| २८. | बेखारत्न शाक्य | पाटन |
| २९. | हेराकाजी सुजिका | पाटन |
| ३०. | महेन्द्रकुमार महर्जन | कीर्तिपुर |
| ३१. | रामकृष्ण वैद्य | भक्तपुर |
| ३२. | कृष्णकुमार प्रजापति | नगदेश |
| ३३. | शुवर्ण क्षत्रपुर विहार | पाटन, लुभु |
| ३४. | शिद्धि मंगल बुद्ध विहार | पाटन, थसी |
| ३५. | हर्षबहादुर घले | नारायणघाट |
| ३६. | बुद्धरत्न शाक्य | बुटवल |
| ३७. | बिमलबहादुर शाक्य | बुटवल |
| ३८. | पवन शाक्य | हेटौंडा |
| ३९. | तेजबहादुर शाक्य | त्रिशुली |
| ४०. | चन्द्रज्योति शाक्य | चैनपुर |
| ४१. | निलकुमारी स्थापित | धरान |
| ४२. | सम्यक शिक्षा समूह | धरान |
| ४३. | बिराट बौद्ध संघ | बिराटनगर |
| ४४. | गोविन्द ताम्राकार | पोखरा |
| ४५. | प्रकाशचन्द्र शाक्य | भोजपुर |
| ४६. | याम शाक्य | बेनी, म्याग्दी |
| ४७. | महीला बौद्ध संघ | बाग्लुङ्ग |
| ४८. | छत्रराज शाक्य | तानसेन, पाल्पा |

धर्मकीर्ति पत्रिका वितरण कार्यमा अमूल्य सहयोग गर्नुभई पुण्य सञ्चय गर्नुहुने महानुभावहरूलाई धर्मकीर्ति पत्रिकाले धन्यवाद ज्ञापन गर्दछ। साथै यहाँहरूले आफ्नो सहयोगी भावनालाई यसरी नै निरन्तरता दिई धर्मप्रचार कार्यमा लागिरहन सकोस् भनी शुभकामना पनि व्यक्त गर्दछ।

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फो़न : २५८९५५
व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन : २५३१८२
ज्ञानेन्द्र महर्जन
फोन : २७६९०८
सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
सम्पादक
भिक्षुणी वीर्यवती
फोन : २५९४६६
प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन : २५९११०
प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन : २५९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२२
इस्वीसम्वत् २००२
बिक्रमसम्वत् २०५९

विशेष सदस्य रु. १०००/-
वा सो भन्दा बढी
वार्षिक रु. ६०/-
यस अङ्कको रु. ५/-

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A Buddhist Monthly

APRIL 2002

| वर्ष- २० | अङ्क- १ | ल्हुति पुन्ही | वैशाख २०५९ |
|---|---|---|---|




★ चारैतिर आगो दन्दन बलिरहेछ, कसरी हाँस्नु, कसरी आनन्द लिनु ? अन्धकारले चारैतिर घेरि सकेर पनि किन प्रकाश खोज्दैनौ ?

★★★

★ यो रूप जीर्ण भएर जाने, रोगको घर, अत्यन्त क्षण भंगुर गनाउने शरीर छुटेर मरण पछि जीवनको अन्त्य हुन्छ ।

★★★

★ हाडको नगर बनाई त्यसमा मासु र रगतको लेप लगाएको, जसमा, मृत्यु, अभिमान छलकपट आदि लुकाईएका छन् ।

# मंगल : छोटो परिचय–२

**– सुजनकीर्ति भिक्षु, बैंकक**

**१३. (पति) पत्निको पालन पोषण गर्नु** ***(दारस्स संगहो)***

सरल र सुखी परिवार वा दाम्पत्य जीवन व्यतित गर्नु दुबै तर्फबाट एक आपसमा सहयोग तथा आदरभाव राख्नु, कुनै कार्य गर्नु अगाडि एक अर्कामा कुशल वार्तालाप गरी संग्रहित हुनु नै दाम्पत्य जीवनको मंगल हो । यो नै असल दाम्पत्य जीवनको नमुना हो ।

**१४. कलंकित कार्य देखि बञ्चित हुनु** ***(अनाकुला च कम्मन्ता)***

कुनै पनि कार्यलाई पूर्णरूपले आफ्नो लक्ष्यसम्म पुऱ्याई कार्य सिध्याउनु पर्दछ । आज होइन भोलि गरौंला, आज गर्मी छ जाडो छ भन्ने भाव मनमा नराखी अल्छी नभई उक्तकार्यमा कर्तव्यपरायण भई नियमित रूपले कार्य गर्नुनै जीवनको उदय हो । यो नै हाम्रो उत्तम मंगल हो ।

**१५. दान दिनु** ***(दानं)***

त्याग धर्मलाई बुझी ममत्व भावलाई त्यागी मनको विकार (मल) बल अलग हुनु तथा समाजको प्रयोग र उन्नतीमा लाग्नेहरूको आदर सत्कार गर्नु र उहाँहरूको सहायता गर्नमा संधै तत्पर रहनु नै महादान हुनेछ । समाजको विकासको मूलसार नै श्रमदान हो । यो नै मनुष्यको ठूलो मंगल कार्यमा एक हुनेछ ।

**१६. धर्माचरण गर्नु** ***(धम्मचरिया)***

हरपल हरक्षण सत्य वा प्राकृतिक धर्मको आचरण गर्नुबाट नै मानसिक दु:खबाट मुक्त भई सुख साथ जीवन व्यतित गर्न सहयोग गर्नेछ । अपरझट केही दु:ख वा अवरोधहरू आईपरे तापनि संसारिक धर्मलाई बुझी धर्मको शरणमा परी उक्त दु:खलाई अनित्य भनी बस्ने गर्दछन् । स्वभाव धर्मलाई बुझी बस्दछ । उहाँलाई नै पण्डित (ब्राह्मण) भनिन्छ ।

**१७. ज्ञाति बन्धुको सेवा गर्नु** ***(ञातकानञ्च संगहो)***

ज्ञाति बन्धुमा मैत्री चित्तले सक्दो सहयोगको भाव राख्नु आफूलाई र अरूलाई दु:ख नहुने गरी सक्दो सहयोग र सरसम्मान पूर्वक आदर-सत्कार गर्नु नै एक आपसमा मित्रता कायम (दरिलो) हुनेछ । यो नै जीवन उकास्ने मूल असल रूप हो । यदि हामीलाई कुनै आपद विपद आए तापनि उहाँहरू हामीलाई मद्दत तथा कुशल र असल भविष्यको आर्शीवाद दिनेहरूको कमी हुनेछैन ।

**१८. निर्दोष कार्य गर्नु** ***(अनवज्जानि कम्मानि)***

दोषपूर्ण कार्यले मन मस्तिष्कको सक्रियतापनमा सिथिल ल्याइदिने गर्दछ । असत्य बाटोमा जीवनलाई दोऱ्याउने गर्दछ । जीवनको यो छोटोधार मिच्छाजीव तिर परी विग्रने छ । त्यसैगरी दोषहीनको कार्यबाट हाम्रो मन मस्तिष्कमा संधै उज्ज्यालो र छरितोपनले छाउने छ । जीवनको उच्चतम अमृत रसलाई बुझी सुखी र सरल जीवन व्यतित गर्नेछ । यो नै मंगल हो ।

**१९. पापकार्य गर्नुबाट अलग हुनु** ***(आरति विरति पापा)***

काय, वचन र चित्तलाई नराम्रो काम (=पापकार्य) गर्नबाट संधै टाढा रहनुपर्दछ । काय, वचन र चित्तलाई उचित रूपमा एउटै आरम्मणमा राखी अकुशल कार्यगर्नुबाट टाढा रही सतर्क रहनु तथा अलग भईबस्नु नै यस लोक र परलोकमा समेत सुखले जीवन व्यतित गर्ने उत्तम उपाय हो । पापकार्यबाट अलग हुनु नै मंगल हो ।

**२०. मद्यपान गर्नुबाट अलग हुनु** ***(मज्जपाना च सञ्ञमो)***

मद्यपानबाट कुनैपनि व्यक्तिको स्वास्थ्यमा सुधार आउन सक्दैन । मद्यपान सेवनले शरीरमा, विचारमा तथा स्मृतिमा कमजोर बनाईदिने गर्दछ । मद्यपान सेवन दैनिक जीवनमा विकासको लागि ठूलो बाधा हो । त्यसैले जीवनको विकास गर्नका लागि यी मद्यपानबाट अलग रहिरहनु नै जीवनको मंगल हो ।

**२१. धर्मकार्यमा अप्रमादी हुनु** ***(अप्पमादोच धम्मेसु)***

असल कार्यमा पूर्णरूपले निरन्तरता दिनु नै सत्यधर्ममा लाग्नु हो । यो नै अप्रमादीको आधार हो । यो विचित्र संसारलाई नित्य नठानी बुझी यो जीवन क्षणिक भरको मात्र ठानी अप्रमादी पूर्वक असल कार्य गर्नुपर्दछ । यो नै जीवनको उत्तम मंगल हो । यदि प्रमाद भएमा कुनैपनि असलकार्य गर्नुबाट संधै पर पर सर्ने गर्दछ । प्राकृतिक धर्मलाई बुझ्ने छैन र ब्रह्म सुखबाट पर हुनपुग्नेछ ।

**२२. छरछिमेकमा गौरव राख्नु** ***(गारवो)***

छर-छिमेकी र आफूभन्दा ठूलाबडालाई आदर गौरव राखी मिलिजुली बस्न सिक्नु नै असल जीवन व्यतित गर्नु हो । सुखी जीवनको मूलआधार नै ठूलाबडाको सर-सल्लाह र सम्मानबाट उत्पन्न हुनेछ । जीवनको उज्ज्वल भविष्य नै ठूलाबडाको प्रशिक्षणबाट नै हुनेछ ।

२३. विनम्र हुनु *(निवातो)*

विनम्र भन्नुनै आफ्नो इष्टमित्र आफन्तसँग नम्र व्यवहार गरी मिलेर बस्नुको लक्षण हो । त्यसैले विनम्र रूपमा एकअर्कामा आदरभाव राख्नु नै शुभकार्य हो । एकअर्कामा भएको विनम्र स्वभावको फल नै आफू र गाउँ घरको विकास र उन्नतीमा राम्रो बल दिने गरिन्छ । त्यतिमात्र नभई विनम्र व्यक्तिको संधै उन्नती र सवैतिर स्वागत गर्न योग्य भएको हुन्छ ।

२४. सन्तुष्ट हुनु *(सन्तुट्ठि)*

आफूसँगको भोगसम्पत्तिमा संतोष भई जीविका चलाउनु वा आफ्नो मेहेनतको क्षमताले पाएको धनसम्पत्तिमा सन्तुष्ट हुनु भै ब्रह्म सुख को । कुनैपनि बस्तु वा आफ्नो भोगसम्पत्तिमा सन्तोष भई जीविका चलाउनुबाट त्यस धनको मूल्य र गुण बुझ्ने शिक्षा पाउनेछ र दुःखबाट मुक्तभई त्यस वस्तुमा भएको सम्पत्तिमा गौरवको भाव र आफैमा गौरवको भाव उत्पन्न हुनेछ । यसरी सन्तोष भएको व्यक्तिको चित्तमा क्लेशरूपी कामारम्मणले खल्बलाउन सक्तैन ।

२५. कृतज्ञ हुनु *(कतञ्ञुता)*

यो समाजमा को व्यक्ति असल छ, विनम्र छ र राम्रो बानी-व्यहोराको छ भनी बुझ्ने नापयन्त्र नै उसँगको कृतज्ञताले देखाउँदछ । किनकि कृतज्ञता नै असल व्यक्तिको प्रतिक हो । कुनै पनि व्यक्तिले गरेको उपकारलाई बुझ्ने गुणलाई चिन्ने व्यक्तिको नै समाजमा ठूलो ठाउँ हुनेछ । आफूलाई उपकार गर्नेहरूप्रति कृतज्ञ रहनु मानिसको ठूलो गुण हो ।

२६. फुर्सद समयमा धर्मोपदेश सुन्नु *(कालेन धम्मसवनं)*

समय समयमा धर्मदेशना सुन्नुबाट हामीमा भएको मिच्छादृष्टि हट्नेछ साथै कहिल्यै नसुनेको सुन्न पाइनेछ, आफ्नो दुःख-कष्टको निराकरण गर्नपनि मद्दत पुग्नेछ । सत्य धर्मको सन्देशबाट उल्टोभाव हटाउनु मात्र नभई दुःखको मूल सार क्लेशलाई पनि चित्तबाट उखेल्न मद्दत दिनेछ । सत्यसद्धर्मले संधै उच्च र असल जीवनको सम्मान गर्दछ ।

२७. सहनशील हुनु *(खन्ती)*

कुनै पनि बाधा (अवरोध) देखी अत्तहास नभई संहिष्णुता पूर्वक मनलाई एकचित गरी उक्त बाधालाई संयमपूर्वक स्वभाविक धर्म ठानी स्वीकार गरी अगाडि बढ्नु नै जीवनको अन्तिम लक्ष्यको पूर्णरूपताको लक्षण हो । सहिनशीलता नै अन्तिम लक्ष्य उच्च सुख प्राप्त गर्ने बाटो हो ।

२८. आज्ञाकारी हुनु *(सोवचस्सता)*

आज्ञाकारी भन्दैमा ठूलाबडाले भनेका सम्पूर्ण कुरा कार्यहरूलाई शिरोधार गरी पालन गर्नु नभई (=जुन अकुशल कार्य हो) जिद्दी नहुनु दृष्टि र मान (=घमण्ड) नअंगाल्नु, गुणलेयुक्त (कुशल) उपदेशहरूलाई गौरव पूर्वक मान्नु तथा असल कार्यलाई निरन्तरता पूर्वक कार्य गर्दैजानु नै जीवन निर्धारणको लागि उत्तम मंगल हो ।

२९. श्रमणको दर्शन गर्नु *(समणानञ्च दस्सनं)*

श्रमण भिक्षुसंघको दर्शन गर्नु तथा उहाँहरूबाट देशीत सत्य धर्मका उपदेश सुन्ने बानी बसाल्नुपर्छ । उहाँहरू असल व्यक्तिका प्रतिक हुनुपर्दछ । उहाँहरू संधै कसरी दुःखबाट टाढा हुने दुःख (=अवरोध) लाई निराकरण गर्न के गर्नुपर्छ भन्ने उपदेश लिएर सिकाउनु हुन्छ । त्यसैले उहाँहरूको संगतबाट जीवनको मिर्मिरे बिहान छाउनेछ ।

३०. समय समयमा धर्म छलफल गर्नु *(कालेन धम्मसाकच्छा)*

समय समयमा धर्म चर्चा गर्नुबाट हामीमा भएको नराम्रो भाव (=मिच्छादृष्टि) कम हुनेछ । सत्यधर्मलाई (=प्राकृतिक धर्म) प्रष्ट रूपमा बुझ्नेछौं । जन्म, बुढा र मृत्यु जस्ता स्वभाव धर्मलाई यथार्थ रूपमा चिन्छ । जीवनको मूललाई बुझ्नेछ । धर्म चर्चाले हामीमा प्रज्ञा उत्पन्न हुनेछ । यो संसारलाई यथार्थरूपमा सरल र सुखी जीवन बिताउनमा सहयोग दिनेछ ।

३१. तपस्या गर्नु वा क्लेशलाई हटाउनु *(तपो)*

हाम्रो जीवन दुःख र वेदनाको एक रूप हो । मन भित्रको क्लेशको कारण सुख शान्तिलाई गुमाउनु परिरहेको छ । त्यो सुख शान्तिलाई पुनः पाउन मेहनत पूर्वक ध्यान भावना वा ब्रह्मचारी (राम्रो जीवन) भई मानसिक क्लेशलाई विस्तार विस्तारै उखेल्न सक्नु पर्दछ । मनमा रहेको क्लेशले डुबाउनु अगाडि उक्त क्लेशलाई पछार्नु पर्छ । मनलाई शुद्ध पारी सुख पाउने मूल स्रोत नै ध्यान वा विपश्यना ध्यान भावना भनिन्छ । मनलाई ठीक बाटोमा लैजानु नै हाम्रो लागि उत्तम मंगल हो ।

३२. ब्रह्मचर्य पालन गर्नु *(ब्रह्मचरियं)*

ब्रह्मचर्य भनेको कसैलाई दुःखकष्ट नदिई उच्चतम पूर्वक जीवन व्यतित गर्नु हो । कामतण्हाबाट अलग्ग भई सांसारीक दुःखबाट मुक्त हुने चार आर्यसत्यलाई बुझी त्यस अर्न्तगत धार्मिक कार्यगरी सुखी जीवन बिताउनु नै उच्चतम मंगल हो ।

३३. **आर्यसत्यलाई बुझ्नु (=देख्नु)** ***(अरियसच्चानं दस्सनं)***

यो जीवनको यथार्थ रूपलाई बुझ्नु वा ४ प्रकारका आर्यसत्य दु:ख (दुक्ख) दु:खको उत्पत्ति (समुदय) दु:खको अन्त (निरोध) र दु:खबाट मुक्त हुने उच्चतम बाटो (मार्ग) लाई बुझ्नु नै उत्तम मंगल हो ।

३४. **निर्वाणको दर्शन गर्नु** ***(निब्बान सच्छिकिरिया)***

चार आर्यसत्यलाई (दु:ख, समुदय, निरोध मार्ग) यथार्थ रूपमा बुझ्नु नै यो पञ्चस्खण्डलाई अनित्य दु:ख अनात्म भनी बुझ्नु हो । यो पञ्चस्खण्डलाई यसरी यथार्थरूपमा बुझेमा नै सरल र सुखी जीवन बिताउने र यो संसारिक दु:खबाट पूर्णरूपमा मुक्ति पाउनेछ । निर्वाणलाई पूर्णरूपमा साक्षात्कार गर्नेछ । त्यसैले निर्वाणको दर्शन गर्न पाउनु नै उत्तम मंगल हो ।

३५. **लोकधर्म देखि चित्त विचलित नहुनु** ***(फुट्ठस्स लोकधम्मेहि)***

लाभ-अलाभ; यश-अयश; निन्दा-प्रशंसा; सुख-दु:ख देखि चित्तलाई विचलित नपारी यी लोकधर्म खाली बाहिरी वातावरण मात्र सम्म हो भनी आर्यसत्यलाई बुझी संतुलित भएको पारेको चित्तले अकुशल कार्यदेखि अलग्ग रही राम्रो र असल कार्यमात्र दिने र गर्ने गर्दछ । जीवनमा मधुरो प्रकाश ल्याईदिनेछ ।

३६. **नि:शोकी हुनु** ***(असोकं)***

असल र अकुशल मनपर्ने वा मननपर्ने दुवै आरम्मण संग नरमाउने र नअल्झिने चित्तमा यथार्थ सत्य दु:ख वा जन्म जरा मरण जस्ता निरन्तर परिवर्तन देखि शोकादी दु:ख आदि उत्पन्न हुन सक्दैन ।

३७. **धुलोबाट रहित हुनु** ***(विरजं)***

राग, द्वेष र मोहरूपी धुलो (=धुल) देखि अलग्ग हुनु नै उत्तम मंगल हो । चित्त एक महत्वपूर्ण अंग हो । जीवन उकास्नको उत्तम मंगल हो । चित्त एक महत्वपूर्ण अंग हो । जीवन उकास्नको लागि असल बाटो अंगाल्नको लागि शुद्धचित्त हुनु अति आवश्यक छ । चित्त शुद्धिको लागि कुशल कार्यमा अभ्यास वा ध्यान भावना गर्नुपर्दछ । शुद्ध चित्तमा राग, द्वेष र मोहले डगमगाउन सक्दैन ।

३८. **निर्भयी वा भयमुक्त हुनु** ***(खेमं)***

मनलाई संसारीक बन्धनमा नभुलाई शुद्ध, प्रसन्न र क्लेशद्वारा मुक्त वा स्वतन्त्र भएको चित्तको विकास नै उच्चत्तम जीवनको महत्त्वपूर्ण लक्षण हो । क्लेश वा उपसर्गहरू चित्त शुद्धका अवरोध हो भने ध्यान भावना चित्तशुद्धिको लागि औजार हो । चित्तमा भित्रदेखि क्लेशरूपी अन्धकार हट्नु नै निर्भय वा संसारीक भुमरीको यो जाललाई फाटी निर्वाण रूपी शुद्ध र निर्मल सुखको साक्षात्कार गर्नु हो ।

यी ३८ प्रकारका मंगल कार्यलाई बुझी दैनिक जीवन उकास्ने कार्य गर्नु नै सबैको लागि उत्तम कल्याण हो । हामी सबैको कल्याणको लागि भगवान बुद्धले बताउनु भएको मंगल यी नै हुन् ।


१. The Book of Protection - Piyadassi Thero
२. महापरित्राण (नेपालभाषा अर्थ सहित) - भिक्षु सुदर्शन महास्थविर


■

## "बुद्ध छन्त गन मालेगु"


- सानु छोरि *शाक्य*
ललितपूर, श्रीबहाल
देशेमदु ख्या:


उखे माला, थुखें माला
हुँकन माला, थनहे माला
गनं हे नं खंके मफु
बुद्ध छन्त गन मालेगु ?

देगले माला, चैत्ये माला
गुम्बाय् माला, विहारे नं
गनं हे नं लुइके मफु
बुद्ध छन्त गन मालेगु ?

जिमि माँ नं क्यना त:गु
ग्वाखुँचाय् च्वंम्ह व बुद्ध
न्वँ मवा: ग्व गुबलेहे नं
जिके दु:ख अथेहे तिनि

उखें थुखें न्यँ जुयानं
उखें थुखें स्व: जुया नं
गनं हे नं खंके मफु
बुद्ध छन्त गन मालेगु ?

*प्रसंगवश:*

# बहुप्रतिक्षीत मायादेवी मन्दिरको पून:निर्माण होला ?

**– देवेन्द्रराज शाक्य**

विश्वका शान्तिप्रिय जनताको आस्थाको केन्द्र, विश्व शान्तिको मुहान "लुम्बिनी" मा हालै बसेको लुम्बिनी विकास कोष परिषदको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बलबहादुर के.सी.ले मायादेवी मन्दिरको निर्माण बैशाख पूर्णिमा भित्र सम्पन्न गरिने प्रतिवद्धता व्यक्त गरेको समाचारले पुन: एकपटक चर्चा पाएको छ ।

हामी काम भन्दा कुरा बढी गर्न निक्कै सिपालु छौं । मायादेवी मन्दिर निर्माण सम्पन्न गर्ने बारेमा धेरै भाषणहरू भई सकेकाछन् । शिलान्यास पनि गरिए अन्य सार्वजनिक समारोहमा तर पनि काम भने शुन्य । एक आपसमा आरोप पत्यारोपमै समय खेर गइरहेको छ । हाम्रो काम कम, कुरा धेरै गराइले दिक्दार भई उक्त परिषदको बैठकमा सहभागी हुनु भएका युनेस्कोका प्रतिनिधि डा. योशीआकी कितामुरोल हृदयस्पर्शी अभिव्यक्ति गर्नुभएको छ । उहाँले भन्नुभयो– यो समय भाषण र गोष्ठी मात्र गरेर खेर फाल्ने छोड्न तुरून्त थालनी गरी समयमै यसको निर्माण कार्य सम्पन्न गरी देखाउने बेला हो । उहाँको यस अभिव्यक्तिले त्यहाँ उपस्थित जिम्मेवार व्यक्तिहरूलाई निश्चयनै कर्तव्यको पाठ सिकाएको हुनुपर्छ । अव त मायादेवीको मन्दिर पक्कै बनाएर नै छाड्नु पर्छ भनेर आत्मबोध गराएको हुनुपर्छ ।

बुद्धको जन्मस्थल बारे थप प्रमाण भेट्टाउने उद्देश्यले पुरानो मायादेवी मन्दिरलाई भत्काई उत्खनन् गरिएको थियो । उत्खनन् कार्यको लागि श्री ५ को सरकारको सहभागितामा लुम्बिनी विकास कोष र जापानी बौद्ध संस्था जापान बुदिष्ट फेडरेशन बिच १९९० एक सम्झौता गरियो । उक्त सम्झौता अनुसार दुई संस्थाका चार जना वरिष्ठ पुरातत्वविद् रहेको कार्य टोली पनि गठन गरियो । उत्खननबाट विभिन्न कालका पुरातात्विक महत्वका वस्तुहरूका अतिरिक्त भगवान बुद्धले यस पृथ्वीमा प्रथम पटक पाइला टेकेको ७०x४०-१० से.मी. च्याप्टो आकारको शिला प्राप्त भएको थियो । यसका साथै राजकुमार सिद्धार्थ राजदरबारको आफ्नो खोपीमा राजकुमारी यशोधरासँग बस्नु भएको पुरातात्विक महत्वका शिला अति नै दुर्लभ मूर्ति पनि प्राप्त भएको थियो । सिद्धार्थ गौतमले यस पृथ्वीमा प्रथम पटक पाइला टेकेका शिलालाई अन्तर्राष्ट्रियस्तरका ख्यातीप्राप्त पुरातत्वविद्हरूलाई परिक्षण गराई प्रमाणित भएपछि वि.सं. २०५२ माघ २० गते (१९९६ फरवरी ४) पूर्णिमाको दिन प्रधानमन्त्री शेरबहादुर देउवाले सार्वजनिक घोषणा गर्नुभएको थियो ।

बुद्ध जन्मेको देश र बुद्धको जन्मस्थल लुम्बिनी बारे व्यापक प्रचार-प्रसार गर्ने उद्देश्यले श्री ५ को सरकारद्वारा २०५५ मंसीर १५-१६ गते (डिसेम्बर १-२, १९९८) दुई दिन लुम्बिनीमा प्रथम विश्व बौद्ध शिखर सम्मेलन सम्पन्न गरियो । सम्मेलनको मुख्य नारा "लुम्बिनी विश्व शान्तिको मुहान" रहेको थियो । २०५५ मंसीर १६ गतेका दिन विविध बुँदा सहितको लुम्बिनी घोषणा-पत्र जारी गरिएको थियो । उक्त सम्मेलनको समापन समारोहको अध्यक्ष रहनु भएका तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सो अवसरमा मायादेवी मन्दिर पून:निर्माण कार्य यथाशक्य चाँडै सम्पन्न गर्ने घोषणाका साथ शिलान्यास गर्नुभएको थियो । तर कुनै न कुनै बहानामा, आपसी आरोप प्रत्यारोपण तथा निर्माणको फोस्रो आश्वासन बाहेक आजसम्म निर्माण गर्नसकेको छैन । लुम्बिनी विकास कोषका तत्कालिन सदस्य सचिव विमल कुमार शर्माले "मायादेवी मन्दिर संरक्षण तथा जिर्णोद्वार कहिले सम्म ?" शिर्षकको लेखमा – सर्वाधिक चर्चामा रहेपनि लुम्बिनीको मुटु मायादेवी मन्दिरको संरक्षण तथा जिर्णोद्धार कार्यमा लुम्बिनी विकास कोष भने यथावत निस्क्रिय रहेको विचार व्यक्त गर्नुभएको छ । साथै उहाँले योजना अत्यन्त महत्वाकाँक्षी र नेपालले धान्नै नसक्ने छैन । श्री ५ को सरकारले चाहेको भए मायादेवी मन्दिर उहिलेनै जिर्णोद्धार भई सक्ने थियो भनी किटानसाथ लेख्नु भएको छ । उहाँकै "दोस्रो विश्व बौद्ध सम्मेलन सँगै उठेका केही प्रश्नहरू" शिर्षकको अर्को लेखमा उहाँले "जानी नजानी बारम्बार राष्ट्रिय-अन्तर्राष्ट्रिय मञ्चहरूमा मागी खाने भाँडो बनाउँदा पवित्र लुम्बिनी तथा राष्ट्रको बेइज्जती हुँदै आएको छ" भनी स्वीकार गर्नुभएको छ ।

साथै लुम्बिनीले माग्ने होइन बाँड्ने काम गर्न सक्नुपर्छ । लुम्बिनीका शुभचिन्तकहरूले यस्ता विषयमा संवेदनशील भएर सोच्ने बेला आएको छ भनी लेख्नु भएको छ ।

तथागत बुद्धसँग सम्बन्धित चार प्रमुख स्थल– १) जन्मस्थल लुम्बिनी; २) बोधिज्ञान प्राप्त स्थल - बोधगया; ३) प्रथम धर्मदेशना दिनु भएको स्थल - सारनाथ र ४) महापरिनिर्वाण स्थल - कुशीनगर यी चार स्थलहरू मध्ये आफ्नो जन्मस्थल लुम्बिनीको दर्शन गर्न प्रेरित गर्नुभएबाट पनि विदेशी तीर्थयात्रीहरू यस स्थलको दर्शन गरी आफ्नो धोको पूरा गर्न आउने गर्दछन् । लुम्बिनी बसाईको अवसरमा मैले थुप्रै आशा लिई जीवनमा एकपटक बासगरी तथागत बुद्धको जन्मस्थल लुम्बिनीको दर्शन गरी आफ्नो अभिलाषा पूरा गर्न आएका विदेशी श्रद्धालुहरूसँग प्रत्यक्षरूपमा लुम्बिनीबारे तिनीहरूले धारणा जान्ने अवसर पाए । तिनीहरूले आफूले सोचे जति यसको विश्वास हुन नसकेको र यसको दुर्दशा देखी गहभरी आँशु पारेर आफ्नो अभिव्यक्ति व्यक्त गरेको तीतो सत्यको सम्झना आउँछ ।

"विश्व सम्पदा सूचिमा परेको भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा उत्खनन् भएको मायादेवी मन्दिरको नयाँ वर्ष २०५८ को बुद्ध जयन्तीबाट पुन:निर्माण कार्य सुरु हुने भएको छ । लुम्बिनी विकास कोष, जापान बुद्धिष्ट फेडरेशन र युनेस्को संयुक्त पहलमा आयोजित ३ दिने अन्तर्राष्ट्रिय वैज्ञानिक बैठकको समापनको अवसर उक्त निर्णय गरिएको समाचार गतवर्ष प्रकाशित भएको थियो । समाचारमा दशवर्ष लगाएर उत्खनन् गरिएको मायादेवी मन्दिर युनेस्कोको मापदण्ड अनुसार पुरानै शैली र सामान्य ढाँचामा निर्माण गरिने कुरा पनि उल्लेख गरिएको थियो । साथै मायादेवी मन्दिरलाई सर्वसाधारणले अवलोकन गर्नसक्ने गरी विशेष: बुलेटप्रूफ ऐनामुनि संरक्षित राखिने जानकारी समेत दिइएको थियो । सोझा नेपाली जनता र अन्तर्राष्ट्रिय शान्ति प्रेमी समुदाय अव लुम्बिनीको मायादेवी मन्दिर पक्कै निर्माण हुने भयो भनी ढुक्क भएका थिए । तर हात्ती आयो हात्ती आयो फुस्सा भनेझैं २०५८ सालको वैशाख पूर्णिमा पनि समाप्त भएपछि जिल खाएका थिए ।

अब फेरि २०५८ फागुन ७ गते देखि निर्माण कार्य शुरू गरी २०५९ सालको वैशाख पूर्णिमा सम्ममा मायादेवी मन्दिरको पुन:निर्माण कार्य सम्पन्न गरिसकिने छ भनी समाचार प्रकाशमा आएको छ । हामी आशावादी शान्तिप्रिय समुदायले यशपाली त पक्कै मायादेवीको पुन:निर्माण सम्पन्न गर्नेछ भन्ने आशा गरिएको छ । आफूले औपचारिक बैठकमा गरेको प्रतिबद्धता विधा बाधा विना पूरा गर्न सफलता मिलोस् यही शुभकामना छ ।

अस्तु !

## जीवनया मू

- रजा वज्राचार्य
*युवा बौद्ध समूह, यें ।*

*छु पात ?*
*थ्व बुद्ध भूमिइ,*
*अज्ज बुद्ध कुले वया: बूम्ह जुयां !*
*अले छु पात ?*
*बुद्ध धर्मे अगाढ श्रद्धा जक दयां !*
*यदि वं*
*धर्मया अर्थहे मथूसा !*
*छुयाये ?*
*शान्तिया पथ प्रदर्शक*
*बुद्धया प्रति विश्वास दुम्ह जुयां !*
*यदि वया मने*
*गुबलें शान्ति मदुसा,*
*सुइतं शान्ति बी मफुसा ।*
*जि बौद्ध धका: धया जूथें*
*बुद्धया शिक्षा लिना जूसा जक*
*अज्ज धाये बुद्धं क्यंगु लँपुइ वंसा जक*
*जीवन म्वायेगु कला सइ,*
*जीवनया मू वनी ।*
*बुद्धया शिक्षा विपरित*
*ज्या याना जुया:,*
*बुद्धया नां छगू घाना जुइवं*
*अज्ज धाये*
*सुख सीगु ज्या छुं मयायेकं*
*छु दुइ ?*
*मात्र दु:ख सिवाय् ॥*

# सार्थक जीवन

✍ चित्ररत्न शाक्य

यहाँ जीवनको सार्थकता के मा छ भन्ने विषयमा चर्चा गर्न लागिरहेको छ । जीवन त कीट, पतंग, पशुपंछी, प्रेत पिशाच, देव ब्रह्माहरूको पनि छ । तर यहाँ सम्यक्सम्बुद्ध पद समेत प्राप्त गर्न माध्यम बन्न सक्ने मनुष्य जीवनको सार्थकताबारे चर्चा गर्दैछु ।

संसारमा एकथरी मानिस छन्, जसले राम्रो मीठो, खाने, राम्रा लुगा लगाउने, विभिन्न भोग विलासको मज्जा लिने सबैलाई धम्क्याएर थर्कमान बनाई आफ्नो काबुमा राख्न सक्ने हुनुमा नै जीवनको सार्थकता छ भन्ने सम्झन्छ । त्यस्ता व्यक्तिहरूले यो गर्नु हुन्छ, यो गर्नु हुन्न भन्ने कुनै भेद नराखी अरूको हानी नोक्सानी गरेर पनि आफ्नो स्वार्थ पूर्ति गर्दै मज्जा लिइरहन्छ । डकैटी, चोरी, ठगी, छलकपट, ज्यान मार्नु, विभिन्न मानसिक, शारीरिक यातना दिई आफ्नो अभिष्ट पूरा गर्ने कामहरू गर्दछन् अरू पिडित भई रोई कराई हिंडेकोमा रमाईलो मान्ने, थर्कमान भएर आफूलाई मानेकोमा खुशी र गर्वको अनुभव गर्ने गर्दछन् । त्यस्ता क्रुर, भोगी, अनाचारीहरू जब आफ्नो जीवनको अन्तिम अवस्थामा पुग्छ वा मृत्युको अगाडी पुग्छ अनि मृत्युलाई दमन गर्न नसकेको अनुभव हुन्छ अनि संसारमा वाचुञ्जेल उपभोग गरी आएका भोग विलासहरू सबै छाडी, मन नलागेपनि यो संसारलाई छोडेर जानु पर्ने थाहा पाई संसार प्रतिको गहिरो आशक्तिले अति दुःख मानी आफुले आफ्नो जीवन व्यर्थले विताएको महसूस गर्दछन् । मीठो खाने, राम्रो लगाउने, रमाइलो वस्तु हेर्ने, भोग विलासमय जीवन विताउनु सार्थक होला भन्ने बुझ्दछ । यस्ता मानिसहरू संसारमा धेरै छन् ।

अर्को एक थरी मानिसहरू यस्ता छन्, परिश्रम गरी कमाउने, बाल बच्चाको लालन पालन गर्ने, सकेसम्म बढी खापैखाप गरी सम्पत्ति जोड्ने आफ्नो वैभवको आधारमा अरु नीचा, आफू उचो ठान्ने र त्यही अनुसार व्यवहार गर्ने, जहाँ गएपनि आफ्नो सम्पन्नताको चर्चा गरी अरुबाट आफ्नो प्रशंसा गराउने वा गराउन सक्नु मैं जीवनको सार्थकता छ भन्ने सम्झन्छ । यस्ता मानिसहरूपनि जव मृत्युको अगाडी पुग्दछ तब आफ्ना बालबच्चा अतुल सम्पत्ति, जहाँगएपनि प्राप्त भईराखेको प्रशंसा वाहवाहीहरूलाई सम्झेर त्यसप्रति आशक्त हुनाले ती सबै छोड्नु पर्दा अति दुःख अनुभव गरी जीवन व्यर्थमा वितेको थाहा पाएर पश्चातापगरी मर्छन् । यस्ता मानिसहरू पनि धेरै छन् ।

अर्का एकथरी फेरी यस्ता छन् कि, परिश्रमगरी पैसा कमाउने, आफूलाई चाहिने भोग विलासको सामान सबै जुटाएर पञ्च ईन्द्रीयसुखमा आनन्द लिई, अरुका निम्ती पनि केही काम गरी किर्ति राख्ने, जस्तो कि गरीवहरूका लागी आफ्नो नाममा स्कूल खोल्ने, अस्पताल खोल्ने यो मानिस साह्रै दयालु छ भन्ने नाम चलाउन भिखारीहरूलाई वेला बेलामा खाना खुवाउने, वस्त्र दान गर्ने आदि काम गर्नु जसबाट उसको यश, किर्ति चारैतिर फैलिन्छ, सबैतिर उनको वाहवाही गुञ्जन्छ आदि काम गर्नुमा नै जीवनको सार्थकता रहेको ठान्दछन् र त्यस्तै काम गर्दछन् । तर जव त्यस्ता व्यक्तिहरू पनि मृत्युको मुखमा पुग्दछन् तव उसले आफूले यो संसार छोड्नु पर्ने कुरा बुझ्दछ र उसले आर्जन गरेको किर्ति, चारैतिरबाट पाईराखेको वाहवाही, पञ्चईन्द्रीय भोगको सुखहरू छोड्नु पर्ने कुरा थाहा पाउँछ, तब उसलाई एकदम गहिरो आशक्तिले ठूलो पीडा अनुभव गराउँछ अनि उसले थाहा पाउँछ कि उसले जीवन व्यर्थै गुमाएको रहेछ । आफूले साथमा लान पाउने केही पनि नजुटाएको र जति सांसारिक वस्तु जुटाएको हो त्यो उसको साथमा नजाने भएको थाहा पाई ठूलो पश्चाताप गर्छ ।

अर्का एक थरी मान्छे छन्, तिनीहरू बुद्धिमान र विद्वान वर्गमा पर्छ । तिनीहरू समाजसेवी हुन्छन् । तिनीहरू ठान्दछन् कि जीवनमा हामीले आफू मात्र बाँच्ने होइन अरुलाई पनि बाँच्न सहयोग गर्नुपर्छ वा बाँच्न दिनु पर्छ । आजकलको समाजमा त्यस्ता मानिसहरू उच्च विचारका मानिन्छन् । आफूले परिश्रम गरी आफ्नो बालबच्चा परिवार, कुटुम्व सहित आफ्नो पनि भरणपोषण गर्छ अनि विभिन्न संस्थाहरूको माध्यमबाट अरुको विभिन्न समस्याहरू हटाई, अकाल मृत्यु, गरिवी व अभावको कारणले गर्ने आत्महत्या, विभिन्न संकटको कारणले बाँच्नु नै पिडा र बोझको रुपमा अनुभव गरिराखेकाहरूलाई सहयोग गरी बाँच्न सजिलो वनाउने काम गरिरहेका हुन्छन् । रातदिन "बाँच र बचाउ" भन्ने नारा गुञ्जाई विना फुर्सद दौडधुप गरिरहन्छन् । तर जव उनीहरूले आफूले बचाउन खोजिरहेका मानिसहरू धमाधम मर्दै गइराखेको देख्दछन् तव उनीहरूले बुझ्दछन् कि "मैले जीवनको बाजी हारें, म पराजित भएँ मैले वचाईराख्न खोजेका सबै मर्दैछन् । जव आफै मृत्युको अगाडि पुग्छ, तव त झन पराजित महसूस गर्दछन् । जीवनमा बाँच्नेमात्र प्रयास गरिरहेको व्यक्ति आज मर्ने

अवस्थामा पुग्दा आत्मग्लानीले ज्यादै दुखित हुन्छ । उसको मृत्यू पनि दु:खपूर्ण नै हुन्छ । अरुलाई बचाउने काममा लाग्दा पाएको सुख त्याग्नु पर्दा आशक्तिले पिडित भई जीवनलीला समाप्त हुन्छ ।

यहाँ अव गम्भीररूपले सोच्नु पर्ने कुरा छ कि, त्यसो भए जीवनको सार्थकता के मा छ त ? के गरे जीवन सार्थक होला ? माथि वर्णन गरिएका मानिसहरूले के गल्ती गरे ? यी प्रश्नहरूमा अलि गहिरिएर विचार गर्दा जवाफ आउँछ, उनीहरू 'सुगत' भएनन् । त्यसैले उनीहरूको जीवन सार्थक भएन । उनीहरू बुद्धको 'सुगत' गुणको अनुशरण गर्ने व्यक्ति होइनन् । यहाँ प्रश्न उठ्छ 'सुगत' भनेको के हो ? 'सुगत' को अर्थ राम्रो चालाले राम्रो ठाउँमा पुग्नु हो । त्यो राम्रो ठाउँ भनेको के हो त ? भन्दा त्यो ठाउँ निर्वाण हो । निर्वाण भनेको राग नभएको अमृत पद हो । त्यहाँ राग नहुने भएकोले द्वेष पनि हुँदैन त्यसैले दु:खको नामो निशान रहँदैन र अमृत पद हुने हुनाले मृत्यु पनि नहुने भयो । जन्मको कारणले मृत्यु हुने हो । निर्वाण प्राप्त गरेपछि जन्म लिनु नपर्ने भएकोले मृत्यु पनि नहुने भयो । निर्वाणको वर्णन र त्नसूत्रमा बुद्धले यसरी गर्नु भएको छ ।

**खयं विरागं अमतं पणितं**
**यदज्झगा शाक्यमुनि समाहितो ।**
**न तेन धम्मेन समत्थी किञ्ची**
**ईदम्पी धम्मे रतनं पणितं**
**एतेन सच्चेन सुवत्थि होतु ॥**

राग क्षय भई सकेको अमृतपद सहितको जसमा शाक्यमुनि समाहित हुनु भयो त्यो जस्तो धर्म अरु छैन, त्यो धर्म रत्न समान अमूल्य छ, यस सत्यको प्रभावले शुभ मंगल होस् ।

माथि वर्णन गरिएका थरि थरिका मानिसहरूको कृयाकलाप केवल अकुशल कर्म र कुशलकर्महरू मात्र भए । अकुशल कर्मको फल नरकवास वा दु:ख र संकटपूर्ण तिर्यक वा मानव जीवन हो भने कुशल कर्मको फल देवलोक, ब्रह्मलोकको्वास वा धन वैभवले सम्पन्न मानव जीवन हो । पुण्यको प्रभाव सकिएपछि फेरि आफ्नो बाँकिरहेको अकुशलकर्मको फल भोग्न अरु नीच योनीमा जन्म लिनु पर्ने हुन्छ । कुशलकर्मले मात्र अमृत पद प्राप्त गर्न सकिंदैन वा कुशल कर्मनै अमृत पद प्राप्त गर्ने सहि उपाय होईन । त्यसोभए सहि उपाय के हो त भन्दा यहाँ हामीले बुद्धपूजा गर्दा वाचन गरिने 'कामना गाथा' (आशिका) को स्मरण गर्नु योग्य छ ।

**इमाय बुद्ध पूजाय यं पुञ्ञं पसुतंमया**
**सब्ब तं अनुमोदित्वा, सब्बेपि तुट्ठमानसा ।**
**पूरेत्वा दान सिलादि, सब्बापि दस पारमी**
**पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ॥**

अर्थ:- यस बुद्धपूजा गरेबाट मैले जुन पुण्य प्राप्त गरें, त्यो पुण्य सवैलाई बाँडी सवै मन प्रसन्न बनाई, दान शील आदि सवै दश पारमी पूर्णगरी मैले चाहेको बोधिज्ञान प्राप्त गरी अमृत पदमा पुग्न सकुं ।

यसरी अमृत पद वा निर्वाणमा पुग्ने सही उपाय दान, शील आदि दश पारमी पूर्ण गरी ध्यान भावना द्वारा वोधिज्ञान प्राप्त गर्नु नै हो । धैर्यका साथ निरन्तर प्रयत्न गर्दै गए यो काम कठिन पनि छैन । हामी जस्ता गृहस्थहरूको निमित्त पनि असम्भव त हुँदै होइन । केवल हाम्रो उद्देश्य अमृत पदमा पुग्ने हुनु पर्‍यो । वाँच्नुको उद्देश्य केवल वाँच्नु मात्र हुनु आफैमा हास्यास्पद छ । एकजना टी.वी. रोगले ग्रस्त व्यक्तिलाई अस्पतालमा पुर्‍याएर उपचार गरी रोगबाट मुक्त गरी उसलाई बचाईयो भनौं , अव बाँचेर उसले के गर्ने ? के संसारिक भोग विलासमा डुबेर जीवन विताउने ? खाने पिउने र लगाउने गरेर मात्र जीवन विताउने ? यदि यही उसको जीवनचर्या हुने हो भने उसलाई वचाएर केही फाईदा भएन । एकदिन त उ मर्छ नै । अझ झन त्यो मानिसले उल्टो अरुको हानी हुने अकुशल कर्महरू गर्‍यो भने त उसलाई वचाएको ठूलो अभिशाप हुन्छ । त्यसैले हामी आफू पनि अमृतपद तिर लक्षित हुनु पर्‍यो, र हाम्रो सम्पर्कमा आउनेलाई पनि अमृत पद तिर लक्षित हुन प्रेरित गर्नु पर्‍यो र आफ्नो आध्यात्मिक सहयात्री वनाउनु पर्‍यो, अनिमात्र हाम्रा कुशलकर्महरू सारपूर्ण हुन्छ र हामी पनि अपराजित हुन्छौं । हाम्रो जीवन सार्थक हुन्छ ।

यहाँ भगवान बुद्धले धम्मपदमा भन्नु भएको कुरा स्मरण गर्नु युक्ति संगत छ ।

**यो चे वस्ससतं जीवे, अपस्सं अमतं पदं ।**
**एकाहं जिवितं सेय्यो, पस्सतो अमतं पदं ॥**

अर्थ:- अमृतपदको साक्षात्कार नगरी सयवर्ष बाँच्नु भन्दा अमृतपदको साक्षात्कार गरी एक दिन मात्र बाँच्नु श्रेष्ठ छ । यसबाट स्पष्ट हुन्छ कि जीवनको सार्थकता अमृत पदलाई देख्नुमा छ । अमृतपदलाई देखिसकेपछि यो जीवनको अवसान वा मृत्युको समयमा दु:ख हुँदैन । किनभने त्यसवेला राग धेरै कम भई सक्छ त्यसैले संसार छोडेर जानु पर्दा आशक्तिले बाँच्ने कुनै बलियो बन्धन नहुँदा कडा द्वेषभाव उत्पन्न हुँदैन । यसरी बाचुञ्जेल पनि सुखपूर्वक बस्न सकिन्छ र मृत्युको बेला पनि सुखपूर्वक मर्न सक्छ । किनभने त्यो मृत्यु साँच्चैको मृत्यु होइन म अमृतपदको यात्रामा छु भन्ने बोध हुन्छ । यस बाटोबाट यात्रा गर्नु नै सार्थक जीवन हो । अस्तु । ■

# इतिहास–३

– *प्रकाश वज्राचार्य*

**प्रज्ञा पारमिता** नामक अति प्रसिद्ध रचना महायानको मूल बीज थियो । यसका थुप्रै संस्करणहरू प्रचलित भएता पनि प्राचीनतम संस्करण ई.पू.१०० तिर दक्षिणी भारतमा रचियो । तत्कालिन् प्रस्फुलित हुन लागेको महायानको दार्शनिक धरातल यही ग्रन्थले तैयार पारिदियो । यसमा भिक्षु सुभूति र भिक्षु सारिपुत्रले बुद्धको सामू छलफल गरेको र त्यसमा **भिक्षु सुभूति**को दृष्टिकोणलाई बुद्धले अनुमोदन गरेको वर्णन छ । भिक्षु सुभूति मूल पालि साहित्य अनुसार, अनाथपिण्डिकका भाइ थिए र एकान्तवासीमा प्रमुख थिए । तर उनलाई पालि त्रिपिटकमा प्राथमिकता दिइएको थिएन । प्रज्ञा पारमिता ग्रन्थले सुभूतिलाई नायकको रूपमा प्रस्तुत गरी दार्शनिक तार्किक रूपमा थेरवादी सारिपुत्रबाट नै महायानको सिद्धान्तको अनुमोदन गर्न लगाइएको छ । थेरवादीहरूको सर्वश्रेष्ठ प्रज्ञावान्लाई यस ग्रन्थले सर्वप्रथम दोस्रो दर्जाको प्रज्ञा भएको सिद्ध गरे । संसारका सबै विषयवस्तुहरूको अस्तित्व व्यवहारको लागि मात्र भएको, हेतुवाद (कारणबाट उत्पन्न सिद्धान्त) अनुसार यिनीहरूको वास्तविक सत्ता नभएको र यस सत्यलाई बुझ्नेले नै प्रज्ञा पारमिता पूर्ण गरेको भन्ने यसमा छ । यस सत्यलाई बुझ्नु नै 'महायान' हो भनी सर्वप्रथम महायान शब्दको प्रयोग भएको हामी यसै ग्रन्थमा पाउँछौं । तर पनि विषय दृष्टिगत गरी भन्न सक्छौं कि महायान र हीनयानको स्पष्ट विभाजन त्यतिबेलासम्म भएको थिएन । यस ग्रन्थले बुद्धको शील, समाधि, प्रज्ञाको उपदेश मध्ये प्रज्ञालाई विशेष जोड दियो र भक्तिवादी भनिने **महायान**-सम्मत सम्प्रदायहरूमा यसले प्रज्ञासम्मत (तर्क सम्मत) दिशा दियो । बुद्धको धर्म-काय अर्थात् प्रकृतिको सत्य रूप भन्नुनै प्रज्ञा हो अथवा प्रज्ञा नै बुद्धको धर्म-काय हो । बिना प्रज्ञा बुद्धको प्रादुर्भाव हुन सक्दैन, त्यसैले प्रज्ञा नै बुद्धको माता हो– यी कुराहरूको यस ग्रन्थले प्रतिपादन गऱ्यो ।

धर्म-काय झन झन गहन हुँदै गयो । धर्म-काय अनुसार बुद्धहरू एकभन्दा बढी भएको विश्वास गरियो । ती बुद्धहरूको आ-आफ्नै प्रभाव क्षेत्र भएको मानियो । कुनै पनि बुद्धले आफूले प्रभावित पार्न सक्ने जगत (अन्तरिक्ष) को भूभाग, जहाँका प्राणीहरूले उक्त बुद्धको उपदेशबाट मुक्ति प्राप्त गर्न सक्छन्, त्यसलाई उक्त बुद्धको **बुद्ध-क्षेत्र** भनियो । एक बुद्धले जति क्षेत्रसम्म आफ्नो उपदेशले मार्गदर्शन गर्न सक्दछ, त्यो एक बुद्ध-क्षेत्र भयो । पृथ्वीमा जन्मेका सबै बुद्धहरूका एउटै बुद्ध-क्षेत्र छ ।

बुद्ध र बुद्धको धर्म सम्बन्धि यस्ता विचार-धाराबाट बुद्ध र अर्हत् बीचको सम्बन्धमा दरार फराकिलो हुँदै गयो । वास्तवमा शुरुमा बुद्ध र अर्हत्हरू बीच फरक भएता पनि त्यसलाई त्यति गहनसँग लिइएको थिएन । पालि त्रिपिटकमा पनि बुद्ध र अर्हत् दुवै निर्वाण प्राप्त मानिन्छन्, ती दुईमा भएको भेदलाई महत्व दिंदैनन् । तर बुद्धमा अर्हत्भन्दा बढी गुण हुने कुरा चाहिं मूल पालि त्रिपिटकले पनि स्वीकार्दछ । बुद्धमा दशबल भएको, ३२ लक्षण भएको, ९ विशिष्ट गुण भएको, ३ विद्या भएको, तर अर्हत्हरूमा यी कुरा नहुने सिद्धान्त पहिले देखिनै सबैलाई स्वीकार्य थियो । पछि आएर महासांघिक पक्षले अर्हतलाई आफ्नो पदबाट च्यूत हुनसक्ने, शङ्काबाट पूर्ण मुक्त नहुने, अनजानमा वीर्य मोचन हुन सक्ने जस्ता कुराहरू उठाएका थिए । फलत: बुद्ध र अर्हत् बिच ठूलो भिन्नता देखियो । बुद्ध महान्तम थिए, अर्हत् साधारण । कुनै पनि मानिसले अर्हत् पूर्ण व्यक्ति भएन, बुद्ध मात्रै पूर्ण व्यक्ति भयो । अर्हत् बन्नु जीवनको लक्ष्य नभई, बुद्ध बन्नु नै जीवनको लक्ष्य भयो !

अर्हत हुन चाहने व्यक्तिले आफू चाँडै निर्वाण प्राप्त गर्ने इच्छाले ग्रसित हुने हुनाले उनीहरू पनि एक किसिमले 'आफू' वा 'म' को हिमायति भएको र त्यसैले उनीहरूले पनि बुद्धको अनात्मवादी दर्शन नबुझेको र बुद्ध शिक्षा राम्ररी नबुझेको भन्ने धारणाको विकास भयो । फलत: 'अर्हत्' हुन खोज्नु हीन र बुद्ध हुन खोज्नु महान भन्ने धारणको प्रचार भयो ।

**बोधिसत्व** त्यो व्यक्ति हो जो भविष्यमा बुद्ध हुन्छन् । बुद्धत्व भन्नु त प्रकृतिको सत्य बुझ्नु रहेको, र सो कुरा कुनै पनि व्यक्तिले बुझ्न सक्ने हुनाले नारी पुरुष सबैमा बुद्ध हुने वीज छ र त्यसैले बुद्धको अंकुर सबैमा छ । तर जो बुद्ध हुने निश्चित छन्, उनीहरू बोधिसत्व हुन् । स्वयं गौतम बुद्धले बुद्ध हुनुभन्दा अगाडि गर्नु भएका सबै क्रियाकलापहरूलाई सबै बौद्ध ग्रन्थहरूले बोधिसत्वको

कार्य मान्दछन् ।

बोधिसत्वले १० कुरामा पूर्णता हासिल गरिसकेपछि मात्रै बुद्ध बन्ने धारणाको विकास भयो जसलाई १० **पारमिता** भनियो । ती हुन्– दान, शील, नैष्क्रम्य (क्लेश त्याग), प्रज्ञा, वीर्य (उत्साह), क्षान्ति (सहनशीलता), सत्य, अधिष्ठान (दृढता), मैत्री र उपेक्षा (ततस्थभाव) । पछि महायानले जम्मा ६ पारमिता (दान, शील, क्षाति, वीर्य, ध्यान, प्रज्ञा) लाई मात्र महत्व दिए । हुन त प्रज्ञा पारमिता नै बुद्धत्व प्राप्तिको अन्तिम साधन हो, तर अन्य पारमिताहरूले बुद्धत्व प्राप्तिमा सुगमता प्रदान गर्छ भन्ने विश्वास गरियो । एकै जन्ममा यी सबै पारमिताहरू पूर्ण गर्न नसकिने हुनाले गौतम बुद्धले आफ्ना पूर्वजन्महरूमा यी पारमिताहरू पूरा गरेका थिए । बोधिसत्वका यी पूर्वजन्मका कथाहरू नै आज **'जातक'** को नाउँमा प्रख्यात छन् । जातक कथाहरूको संख्या निश्चित छैनन्, तर थेरवादीहरू यस्ता ५५० वटा जातक भएको विश्वास गर्दछन् ।

गौतम बुद्धले **दिपंकर बुद्ध**को पालोमा नै आफू पनि बुद्ध हुने अठोट गरेको विश्वास गरियो । त्यतिबेला गौतम बुद्ध **सुमेध** नामको ब्राह्मण ऋषि थिए । दिपंकर बुद्ध एकपल्ट रम्मक नगरमा जाँदा उहाँको खुट्टा हिलोमा नपरोस् भनेर सुमेघ आफै भूँइमा लेटिदिए । त्यतिबेला उनले आफूले पनि सबै प्राणीहरूलाई दु:ख मुक्त गर्न सकिने गरी बुद्धत्व लाभ गर्ने अठोट गरे । स्वयं दिपंकर बुद्धले पनि भविष्यमा उनी गौतम बुद्ध हुनेछ भनी भविष्यवाणी गरे । सुमेध तब बोधिसत्व भयो । जातक कथाहरूको थालनी भयो । पारमिता पूर्ण भइसके पछि उनी बुद्ध भए । यसरी बुद्धले आफ्नो लागि होइन अरूको लागि बोधिज्ञान लाभ गरे । विश्वास गरियो कि सुमेधले चाहेको भए त्यति नै बेला अर्हत् भई निर्वाण प्राप्त गर्न सक्थे, तर उनले अरूको लागि सो पद त्यागी अथक प्रयत्न गरी बुद्ध बने ।

थेरवादी पालि साहित्यमा उल्लेखित **पूर्ण** भिक्षुको यहाँ पुन: स्मरण गरौं । उनी भिक्षु भइसकेपछि आफ्नो सुदूर देश सुनापरान्तमा धर्म प्रचार गर्न जान चाहन्थे जहाँका मानिसहरू क्रूर र उग्र थिए । त्यतिबेला उनले उनलाई जस्तो सुकै भने पनि, जस्तो सुकै गरे पनि त्यहाँका मानिसहरूप्रति कहिल्यै द्वेष नराख्ने दृष्टा प्रकट गरे । बुद्धले उनको प्रशंसा गर्नु भयो । यो घटनाले सहनशीलताको पूर्णता वा क्षान्ति पारमिताको बोध गराउँछ । यहाँ भिक्षु पूर्णले मध्यम मार्ग भन्दा पारमितालाई श्रेयकर माने । पारमिता मध्यम मार्ग भन्दा उच्च भयो । पूर्ण अरूको लागि आफ्नो जीवन अर्पण गर्न चाहन्थे । उनमा बोधिसत्वको गुण थियो ।

बोधिसत्वको महत्व बढेपछि **करूणा**को महत्व पनि बढ्यो । बुद्धमा महाकरूणा भएको मानियो । उनी जगतका सबै प्राणीलाई करूणा गर्छन् । उनमा प्रज्ञा र करूणाको अनौठो सम्मिश्रण छ । प्रज्ञाको कारण उनमा सबैको ज्ञान हुन्छ, करूणाको कारण उनले कसैलाई बेसहारा छोड्दैनन् ! उनको प्रज्ञाले सबै कुरा अनित्य र त्यसैले भ्रामक ("शून्य") भनी देख्छन्, उनको करूणाले ती सबैलाई ओगटेको हुन्छ ! प्रज्ञाको दाँजोमा प्रथम पल्ट करूणा आइपुग्यो !

गहन दर्शनको कुरा, प्रज्ञाको कुरा सबैले बुझ्ने होइनन् । तर दु:खबाट ग्रसित सबै छन् । यदि बुद्ध वा बोधिसत्वमा महाकरूणा छ भने उनले तिनलाई पनि, जो प्रज्ञाबाट वञ्चित छ, जसमा बुझ्न सक्ने क्षमता छैन, दु:खबाट मुक्त गरिदिनु पर्दछ । उनीहरूले पनि दु:खबाट मुक्त हुने अवसर पाउनु पर्दछ । यस्तो तर्कनाको विकास भयो । जसमा प्रज्ञा छ उनीहरू दु:खबाट मुक्त हुन्छन्, जसमा कम मात्रै बुद्धि छ, उनले प्रज्ञावान्प्रति भरोसा गर्नुपर्दछ, श्रद्धा गर्नु पर्दछ जसबाट कि उनी पनि दु:ख मुक्त हुन सकोस् । यसरी श्रद्धा वा भक्तिको माध्यमबाट पनि निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा पुष्ट भयो । प्रज्ञा छोटो मार्ग हुन्, भक्ति लामो मार्ग हुन्– तर दुवैले जीवनको लक्ष प्राप्त गर्न सकिन्छ भनियो । प्राचीन बुद्ध-धर्ममा प्रज्ञाको दाँजोमा गौण रहेको श्रद्धा अब आएर महायानी धरातलमा प्रज्ञाको दाँजोमा आयो ।

भक्ति मार्गमा **अक्षोभ्य** नामक बुद्ध प्रख्यात भयो । त्यो भन्दा बढी प्रख्यात भयो **अमिताभ** बुद्ध । यी बुद्धहरू मानुषी बुद्ध (पृथ्वीमा जन्मेका) होइनन् । यिनीहरूको आफ्नै बुद्ध क्षेत्र छन् । अमिताभ **सुखावति भूवन**मा बस्नु हुन्छ जहाँ दु:खको नामोनिशान छैन । त्यहाँ प्रेत, असूर, नरक, पाप केही छैन । त्यहाँ कहिल्यै रात हुँदैन । उक्त ठाउँको वर्णन गर्दै ईस्वी सम्बत्को शुरुवातको वरिपरि-तिर **सुखावति व्यूह** नामक प्रसिद्ध महायानी ग्रन्थको रचना भयो । अमिताभ बुद्ध र सुखावति भूवन हालसम्म पनि लोकप्रिय छ । विशेषत: चीन र जापानमा अमिताभ धेरै प्रसिद्ध छ । सुखावति भूवनको कल्पना हिन्दूहरूको **वैकुण्ठ**को कल्पना जस्तै हो । यी दुवै स्वर्गहरूको कल्पना

एकै समय परिधिमा भएको हुन सक्दछ ।

भक्ति मार्गको उदयबाट एउटा नौलो र अनौठो सिद्धान्तको उदय भयो जसले थेरवाद र महायान दुवैलाई प्रभावित पारे- त्यो हो पुण्य अरूलाई हस्तान्तरण गर्नु । थेरवादीहरूको पुण्यानुमोदन यही नै हो । बुद्धले भन्नु भएको "आफ्नो भाग्यको विधाता आफै हो" भन्ने सिद्धान्तलाई एक पुण्यले अर्कोलाई फाइदा हुन सक्ने र पुण्य एकले अर्कोलाई प्रदान गर्न सकिने यो नौलो विचार धाराले नयाँ मोड ल्याइ दियो । आफूप्रति श्रद्धा राख्ने, आफूप्रति भक्ति राख्ने, आफूभन्दा कमजोरलाई आफ्नो पुण्य प्रदान गरी उनीहरूको लागि पनि मुक्तिको मार्ग प्रशस्त गरिदिनु पर्दछ भनियो । पूर्णता प्राप्त गरिसकेको बोधिसत्वले आफूले कमाएको पुण्य पनि आफूसित सञ्चित गर्दैन, करूणाको कारण अरूलाई वितरण गरिदिन्छ । प्रज्ञाले पूर्ण भइसकेका बोधिसत्व कुनै पनि विषयसँग- पुण्यसँग पनि- आसक्त हुँदैन । उनी त्यतिबेला आफूले चाहेमा निर्वाणमा जान सक्छन्, तर जगत माथि करूणाको कारण उनी त्यसो गर्दैनन् । त्यस्तो अवस्थामा उनीसँग दैवीय शक्तिहरू हुन्छन् । उनी सर्वज्ञ हुन्छन् । उनले जुन रूपपनि धारण गर्न सक्दछ । उनी प्रति श्रद्धा हुनेलाई उनले सद्मार्गमा लग्न सक्छन् । आपत विपतको बेलामा परोक्ष मद्दत पनि गर्न सक्छन् । यस्ता मोक्षदाता बोधिसत्वहरूको कल्पना गरियो ।

एकभन्दा बढी बुद्ध भएझैं एकभन्दा बढी बोधिसत्व भएको पनि विश्वास गरियो । ती मध्ये प्रख्याततम् हुन्– **अवलोकितेश्वर** वा अवलोकन गरिराख्ने ईश्वर । यिनी आफ्नो असीम करूणाको कारण सदैव कसलाई उपकार गरौं भनी हेरिराख्छन् । अन्य बोधिसत्वहरूभन्दा अबलोकितेश्वर भिन्न यस प्रकारले छ कि उनले जगतका सबै प्राणीहरू मुक्त नभएसम्मन् आफू निर्वाण नहुने वा बुद्ध नहुने अठोट लिएका छन्, अन्यथा उनी कुनै बुद्धभन्दा भिन्न छैन । अवलोकितेश्वर लाई बुद्धको दाँजोमा पुऱ्याइएको पाइन्छ । करूणालाई नै व्यक्तित्व दिई अवलोकितेश्वर जस्ता मौलिक ईश्वरको कल्पना हुन सक्नु बौद्धहरूको लागि गौरवको कुरा हो । समाजमा मैत्री र करूणाको महत्व बुद्ध-धर्मले कतिसम्म बुझेको छ भनी यसले दर्शाउँछ ।

करूणाको प्रतिनिधित्व गर्ने बोधिसत्व अवलोकितेश्वर भए झैं प्रज्ञाको प्रतिनिधित्व गर्ने बोधिसत्व **मञ्जुश्री** पनि अति प्रसिद्ध छ । मञ्जुश्री काल्पनिक हो वा साँच्चैको व्यक्ति थियो भन्ने कुरा अस्पष्ट छ । प्रचलन अनुसार यिनी चीनका हुन् र सम्राट मिंङ-तिको पालोमा यिनी चीनको पञ्चशीर्ष पर्वत (बु-ताइ-शान) मा बस्दथे । नेपालको वंशावली अनुसार यिनी नेपाल आएर काठमाडौं उपत्यका बस्ति बसाएर गएका थिए । सम्भवत: शुरुमा मञ्जुश्री काल्पनिक देउता थिए र छैठौं सातौं शताव्दीतिर मञ्जुश्री नामक विद्वान चीनमा जन्मेका थिए । अन्य प्रख्यात बोधिसत्वहरूमा **समन्तभद्र, क्षितिगर्भ** प्रमुख छन् ।

ईस्वी सम्बत्को शुरुवातको केही अघि प्रसिद्ध ग्रन्थ **ललित विस्तर**को रचना भयो । शुरुमा सर्वास्तिवादी (हीनयान) हरूले रचना गरेको यो ग्रन्थ पछि प्रसिद्ध महायानी ग्रन्थ भयो । यसमा बुद्धको जीवनी वर्णन गरिएको छ, जसमा भक्ति भाव प्रचुर मात्रामा पाइन्छ । श्रद्धालाई बुद्धबाट प्रशंसा गराइएको छ । बुद्धलाई अलौकिक (दैवी) बताइएको छ । आमाको गर्भमा पनि बुद्ध रत्नजडित भाँडोमा रहन्थे; जन्मनासाथ प्रत्येक दिशामा बुद्धले सात पाइला हिंडेका थिए; जहाँ जहाँ पाइला टेकेका थिए, त्यहाँ त्यहाँ कमल उत्पन्न भएको थियो; गुरु कुलमा उनी गुरुलाई पनि सिकाउँथे; २९ वर्षको उमेरमा वृद्ध, रोगी, मृत र भिक्षु देखे; गृहत्याग गरी बुद्ध भए; अन्तमा धर्मदेशना गर्नु भयो । यी कुराहरू अतिशयोक्तिका साथ ललितविस्तरमा वर्णीत छन् ।

कालान्तरमा बौद्धहरूले मानिआएका २५ मानुषी बुद्धहरूमा तण्हंकर, मेघङ्कर र शरणंकर नामक तीन मानुषी बुद्धहरू ती २५ बुद्धभन्दा पहिले भइसकेको बिश्वास गरियो र यसरी पृथ्वीमा अवतरण भइसकेका मानुषी बुद्धहरूको संख्या २८ पुग्यो ।

भारतमा भक्तिवादको प्रभाव बढिरहेको र महायानको जग बसिरहेको बेला श्रीलङ्कामा थेरवाद धेरै शक्तिशाली भइसकेको थियो । सो थेरवाद श्रीलङ्कामा सम्राट् अशोकको पुत्र भिक्षु महेन्द्रले लगेको थियो । राजा वट्टगामिणी अभय (ई.पू.१०१-७७) को पालेमा श्रीलङ्कामा भीषण अनिकाल पऱ्यो । भिक्षुहरूलाई बुद्ध-धर्म टिकाई राख्न कठीन भयो । अनिकाल पछि पनि भिक्षुहरूले सर्वप्रथम बुद्धको शिक्षालाई लिपिवद्ध गर्नु पर्ने महसुस गरे । त्यसैले ई.पू. ७९ तिर श्रीलङ्काको आलोक विहारमा भिक्षुहरूको महाधिवेशन बस्यो, जसलाई **चौथो संगायना** भनियो । भिक्षु **रक्खित**को सभापतित्वमा भएको ५०० भिक्षुहरूले भाग लिएको सो सम्मेलनले सम्पूर्ण पालि

त्रिपिटौं पल्ट पढेर शुद्ध गरी तालपत्रमा कुँडियो जुन तालपत्रहरू अद्यापि विद्यमान छन् । यसरी बुद्ध परि निर्वाणको ४०४ वर्ष पछि मात्रै त्रिपिटक लिपिबद्ध भयो र यही त्रिपिटक नै आज हाम्रो अगाडि प्राचीनतम भरपर्दो बौद्ध ग्रन्थको रूपमा प्रस्तुत छ । थेरवादको त्रिपिटकमा जति घटबढ हुनु पर्ने हो सोको पूर्णविराम भयो । त्रिपिटक लिपिवद्ध भइसकेपछि त्यसमा अरू केही थपघट भएको छैन ।

यही समयमा पश्चिम चीन हुँदै **मंगोलियामा** पनि बुद्ध-धर्म भित्रियो ।

भारतमा चाहिं महायानको सिद्धान्त झन झन प्रचारित हुँदै थियो । निर्वाण प्राप्त गर्ने विषयमा भेद चर्कंदै गयो । अर्हतको निर्वाण र बुद्धको निर्वाणमा भेद स्पष्ट भयो । निर्वाण प्राप्त गर्ने तीन तरिकाको चर्चा भयो । पहिलो हो क्लेश मुक्त भई अर्हत् हुनु, दोस्रो हो बोधिज्ञान प्राप्त गरी बुद्ध बन्नु तर कसैलाई उपदेश नसुनाउनु (यस्ता बुद्धलाई **प्रत्येक बुद्ध** भनिन्छ), र तेस्रो हो बोधिज्ञान प्राप्त गरी जगतलाई उद्धार गर्नु अर्थात् बुद्ध वा सम्यक **सम्बुद्ध हुनु** । यी मध्ये पहिलोलाई जीवनको लक्ष्य मान्नेलाई **श्रावक यान**, दोस्रो मान्नेलाई **प्रत्येक बुद्धयान**, र अन्तिम मान्नेलाई **बुद्धयान** वा **बोधिसत्वयान** भनियो । बुद्धयानलाई मान्नेहरूले नै आफूलाई पछि महायान भनेका हुन् । यिनीहरूको मूल लक्ष्य जगत उद्धार गर्ने बुद्ध बन्नु हो । माथिको वर्गिकरणको शुरुवात यिनीहरूबाट नै भएको हो ।

सन् ७५ तिर भारतका भिक्षुहरू **काश्यपमातंग** र **धर्मरक्षाले चीनमा** बुद्ध-धर्मको प्रवेश गराए ।

ईस्वी सम्बत्‌को प्रथम शताब्दीमा **सद्धर्म पुण्डरिक** ग्रन्थको रचना भारतमा भयो । शुरुमा वैपुल्यवादीहरूको रहेको यो ग्रन्थ पछि गएर महायानको अति प्रसिद्ध ग्रन्थ हुन गयो । चीन र जापान जस्ता महायानी देशहरूमा यस ग्रन्थलाई ठूलो आदर गरिन्छ । जसरी कमल (पुण्डरिक) पानीमा उत्पन्न भएर पनि पानीबाट निर्लिप्त रही माथि रहन्छ त्यसरी नै बुद्ध मनुष्य लोकमा प्रार्दुभाव भएर पनि त्यसबाट निर्लिप्त रहन्छ भन्ने यो ग्रन्थमा महायानको प्रचार गरिएको छ र हीनयानी विद्वान्‌हरूबाट पनि यसलाई स्वीकार गराइएको छ । यसका २५ अध्याय मध्ये अन्तिम ७ पछि मात्रै थपिएको मानिन्छ । यस ग्रन्थ अनुसार एकपल्ट गौतम बुद्ध राजगृहको गृद्धकूट पर्वतमा बसिराख्नु भएको थियो, त्यतिबेला (बुद्धत्व प्राप्तिको १३ वर्ष पछि) भन्नु भयो कि बुद्धको सच्चा ज्ञान बुझ्न अति कठिन छ । तब निर्वाण प्राप्त अर्हत्‌हरू, सारिपुत्र समेत, चकित भए कि बुद्धले देखाउनु भएको निर्वाण त उनीहरूले प्राप्त नै गरिसकेका छन् भने बुद्धले त्यस्तो किन भन्नुभयो । त्यहाँ उपस्थित पाँच हजार भिक्षु भिक्षुणीहरू चाहिं उठेर गए । अनि बुद्धले भन्नु भयो कि उहाँले एउटै मात्रै मार्गको उपदेश दिनु भएको छ र त्यो हो बुद्धयान । अनि बुद्धले **दोस्रो धर्मचक्र प्रवर्तन** गर्नु भयो । पहिलो धर्मचक्र प्रवर्तन कम बुद्धिहुनेहरूको लागि सारनाथमा गर्नु भएको थियो, दोस्रो प्रवर्तन बुद्धिमान्‌हरूको लागि मात्रै गृद्धकूटमा गर्नु भयो । बुद्धले पहिले उपदेश दिएको पनि सत्य हो तर त्यो जन-साधारणलाई बुद्ध-धर्ममा आकर्षित गर्न गरेका थिए । त्यो बुद्धको उपाय कौशल्य थियो । बुद्ध वास्तवमा सदैव गृद्धकूटमै बसिराख्नु भएको थियो । बुद्धले त अनादी कालमै बोधिज्ञान लाभ गरेका थिए । मानिसहरूलाई प्रभावित पार्न, उनीहरूलाई उत्साहित पार्न नै बुद्धले दिपंकरको घटना; गौतमको जन्म, बोधिज्ञान लाभ आदिहरूको रचना गरेका थिए । त्यो मिथ्यावादी होइन । त्यो महाकरूणा हो । दोस्रो धर्मचक्र प्रवर्तन अनुसार जीवनको लक्ष्य बुद्ध हुनु हो, अर्हत् हुनु होइन - यही नै बुद्धको शिक्षा हो । तब सारिपुत्रले आफू अर्हत् भइसकेको हुनाले बुद्ध हुन नपाएकोमा दुःख व्यक्त गरे । तब बुद्धले सारिपुत्र पनि भविष्यमा पद्मप्रभ नामको बुद्ध हुने भविष्यवाणी गरे । त्यस्तै सुभूति, महाकाशयप, मौद्‌गल्यायन, महाकात्यायन, पूर्ण मैत्रायणीपुत्र, आनन्द, राहुल, प्रजापति गौतमी र यशोधरा पनि पछि बुद्ध हुने छन् भनी भविष्यवाणी गरे ।

यसरी सद्धर्म पुण्डरिक अनुसार थेरवाद पनि बुद्धले प्रतिपादित गर्नु भएको हो, तर त्यो केवल आकर्षणको लागि गरिएको उपायकौशल्य मात्रै हो । परमार्थ सत्य त बुद्धयान नै हो । यसै ग्रन्थले बुद्धलाई महान् वैद्यको रूपमा प्रस्तुत गर्दछ । बुद्धको यो रूप, जसलाई भैषज्य गुरु भनिन्छ, महायानी देशहरूमा अति लोकप्रिय छ । सद्धर्म पुण्डरिकमा मञ्जुश्री, अवलोकितेश्वर, समन्तभद्र आदि बाधिसत्वहरूको पनि वर्णन छ । यसरी बुद्धयानको जबर्जस्त समर्थन गरेर मानो यस ग्रन्थले महायानको विकासको ढोका खोलिदियो ।

*क्रमशः*

# विपश्यना र सत्यनारायण गोयन्का

(सहभागी) – हुनत म यस छलफल कार्यक्रमको लागि नयाँ सहभागी हुँ । यस कार्यक्रममा धर्म विषयमा आफुलाई अन्योल भएका कुराहरू जिज्ञासाको रूपमा प्रस्तुत गर्न हुन्छ र आफ्नो शंका हटाउन सकिन्छ भन्ने कुरा सुनेको थिएँ । त्यसैले म आज आफ्नो केही जिज्ञासा पोख्नको लागि यहाँ उपस्थित भएको छु । मेरो गुनासो सुनेर तपाईंहरूले थाहा पाउनु हुनेछ म बुद्ध शिक्षा विषयमा त्यति परिपक्व व्यक्ति होइन भनेर । किनभने मलाई बुद्ध शिक्षा विषयमा जान्ने र सिक्ने रहर भए तापनि त्यस शिक्षा अध्ययन गर्ने कार्यबाट भने म निकै टाढा नै रहेको छु । तैपनि कतिपय मेरा साथीहरूको संगतमा परी मैले धर्मकीर्ति मासिक पत्रिका समय समयमा अध्ययन गर्ने गर्छु । त्यही पत्रिकाको गत चैत्र पूर्णिमाको अंकमा प्रस्तुत गरिएको विषय "कल्याणमित्र सत्यनारायण गोयन्काको आत्मकथा" पढेको बेला मैले त्यसमा एकदुईवटा कुराहरू बुझ्न सकिन । ती कुराहरू यसरी छन् "विपश्यना" शब्द गौतम बुद्धले दिनु भएको पुरानो विद्या हो रे तर स्वयं गोयन्का गुरुलाई शुरु शुरुमा यस शब्द नयाँ र नौलो थियो रे ।

अर्को नबुझेको कुरो हो, गोयन्का गुरु बर्माका ध्यान गुरु उ.बा.खिनको आज्ञा शिरोपर गरी भारतमा पुन: विपश्यना ज्ञान प्रचारार्थ आउनु भयो । त्यसबेला भारतमा विपश्यना शिविर संचालन गर्न खोज्दा शिविर संचालनको व्यवस्था बारे उहाँलाई आशंका (योगीहरूलाई बस्ने र खाने प्रबन्ध कसरी गर्ने भन्ने विषयमा) र पीर परेको थियो रे । त्यस बखत एकजना सज्जन अपरिचित व्यक्ति भएपनि उसले पहिला पहिला देखि चिनाजानी भएको व्यक्तिले जस्तै अगाडि आई विपश्यना शिविरको सम्पूर्ण व्यवस्थापन कार्य जिम्मा लियो । शिविर सफलतापूर्वक नै सम्पन्न पनि भयो । अर्का एकजना मित्र रामसुख मन्त्रीले पनि गोयन्का गुरुको योजना अनुसार विपश्यना शिविरको व्यवस्थापन जिम्मा लिनुभयो । यस अवस्थामा गोयन्का गुरुलाई महसूस भयो रे पूर्वजन्मको पूण्य संस्कारको संयोगले पनि यसरी आवश्यक व्यवस्था मिली निर्विघ्न पूर्वक पुण्य कार्य सम्पन्न भएको होला भनी । अब यही सन्दर्भमा मलाई लागेको वा शंका भएको कुरा यहाँ पोख्न गइरहेको छु – के कल्याण मित्र सत्यनारायण गोयन्काज्यूले आजसम्म यतिका सफलता पाइरहनु भएको प्रमुख कारण उहाँको पूर्व जन्मको पुण्य कर्मको प्रतिफल नै होला त ?"

( आयोजक ) – तपाईंले त ज्यादै गम्भीर र मार्मिक प्रश्न सोध्नु भयो नि । यस विषयमा हामीले अध्ययन गरेर प्राप्त भएको ज्ञानको आधारमा यहाँलाई सम्भाउन गइरहेका छौं ।

पाली बौद्ध ग्रन्थ अनुसार पूर्व कर्म अर्थात् पहिले गरिएका पुण्य कर्म र संस्कारले पनि आफ्नो भूमिका निभाइरहेको हुन्छ भने यही जन्ममा चित्त शुद्ध गरी धर्माचरणले युक्त भई गरिएका कार्यहरूको प्रतिफल स्वरूप पनि आफ्नो जीवनमा सफलता प्राप्त भइरहेको हुन्छ । **"पुब्बेव सन्निवासेन पच्चुप्पन्नेन हितेन वा"** अर्थात् पहिले संगै बसी हितचित्त मिल्ने गरी काम गरी आएका व्यक्तिहरूको तर्फबाट पनि मद्दत मिल्न सक्छ भने वर्तमान जीवनमा आफूले अरुको हीत हुने काम गर्दै आएको प्रतिफलको पनि संयोग मिल्नु पर्छ ।

यसको लागि ३ वटा खुड्‌कीलाहरूको संयोग हुनुपर्छ –

१. सत्पुरुषहरूको संतसंगत
२. सद्धर्म श्रवण
३. स्वविवेक बुद्धि हुनु (स्वतन्त्रचिन्तन हुनु)

वास्तवमा सत्यनारायण गोयन्का हिन्दु धर्म मान्ने कुलमा जन्मनुभएको व्यक्ति हुनुहुन्छ । संयोगवस उहाँ बुद्ध शिक्षा प्रचार भएको देश म्यान्मार (बर्मा) मा जन्मनुभयो । उहाँको आत्मकथानुसार पहिला गोयन्काज्यूमा बुद्ध र बुद्ध शिक्षा प्रति श्रद्धा र आस्था थिएन । किनभने उहाँ एक कट्टर हिन्दू हुनुहुन्थ्यो । तर संयोग भनूं वा पूर्व संस्कार भनूं गोयन्काजी एक बर्मी सत्पुरुष विपश्यनाचार्य ऊ.बा.खिनको संगतमा पर्नुभयो । अनि उहाँले धर्म सम्बन्धि उपदेश सुनेर विपश्यना ध्यान अभ्यास गर्न थाल्नुभयो । खूव चित्त शुद्ध गरी आस्थाकासाथ अभ्यास गर्नुभयो । विवेक बुद्धिले चिन्तन गर्नुभयो र थाहा पाउनुभयो, यो विद्या कल्याणकारी छ । फलस्वरूप गोयन्काजीको हृदय परिवर्तन भयो । उहाँ बोध हुनुभयो । विपश्यनाको यथार्थ अर्थ नै सत्य ज्ञान बोध हुनु, यथार्थत: देख्नु र यथाभूत साक्षात्कार गर्नु हो । अर्को शब्दमा भन्ने हो भने संसारको यथार्थ स्वभाव अनित्य, दु:ख र अनात्मको बोध हुनु हो ।

अनि सत्यनारायण गोयन्काज्यूमा साम्प्रदायिक भावनाले बिदा लियो । मैत्री भावनाले ठाउँ जमायो । कुनैपनि साम्प्रदायिक धर्म प्रति द्वेष भाव र आसक्ति नरही शुद्ध मैत्री र कल्याणकारी भावनाले साथ दियो ।

त्यसपछि उहाँले विपश्यनाचार्य योग्य गुरुको आज्ञा शिरोपर गरी सम्यक्‌दृष्टि र सम्यक्‌संकल्पका साथ भारत आउनु भयो । शुद्ध भावनाले विपश्यना धर्म प्रचार कार्यमा लाग्नुभयो । त्यसैको फलस्वरूप उहाँको धर्मप्रचार योजना सफलीभूत भयो । कुरा र काम राम्रो भएकोले उ.बा.खिन गुरुको आशिर्वाद साकार भयो । यो उहाँको कल्याणकारी धर्मप्रचार कामको फल हो । सिंगै पूर्वकर्मको फल मात्र होइन । गोयन्काज्यूले निश्वार्थ भावनाले विपश्यना ध्यान शिविर चलाउनु भयो र शिविरमा भाग लिनुभएका योगीहरूलाई प्रत्यक्ष तवरले शान्तिको अनुभव भयो । आँखा बन्द गरी सधैं विपश्यना ध्यान गर्ने व्यक्तिहरूको संख्या बढाउँदै जाने लक्ष राखेर मात्र यो विपश्यना शिविर संचालन गरिएको होइन । एउटा मानिसलाई असल, कर्त्तव्यपरायण, आ-आफ्नो काममा इमान्दारीता निभाउने सक्षम र सभ्य व्यक्ति बनाउने लक्ष राखेर पनि यस विपश्यना शिविर संचालन गरिएको हो । सही तरिकाले विपश्यना ध्यान गरी त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सक्ने व्यक्तिहरूले आफ्नो मनमा टाँसिरहेका अहंकार, ईर्ष्या र तृष्णा (जति भए पनि नपुग्ने लोभीपना) जस्ता दूषित भावनाहरूबाट मुक्त हुन सक्नेछन् । यसरी एक दुषित मनोभावनाले ग्रसित एक व्यक्तिलाई शुद्ध र असल व्यक्ति बनाउने कल्याणकारी भावनाले संचालित गोयन्का गुरुको यस शुद्ध नियत सहितको योजनालाई आवश्यक सहयोग दिने सहयोगी व्यक्तिहरूको संख्यामा कमी रहेन । यसलाई हामीले उहाँको पूर्व जन्मको फल मात्र पनि भन्न मिल्दैन ।

शुद्ध रूपले विपश्यना अभ्यास गरेको खण्डमा आफूलाई आफैले चिन्ने क्षमता प्राप्त हुनेछ । जसले आफुले आफैलाई जाँची आफ्नो गल्तीहरू महसूस गर्न सक्छ त्यस व्यक्ति आफ्नो आत्मलोचना गर्न अग्रसर हुन्छ र अन्तर्मुखी बन्ने बानी बस्छ । त्यस्तो व्यक्ति प्राकृतिक तवरले नै बहिर्मुखी हुने बानीबाट टाढिदै जान्छ ।"

( *सहभागी* ) – यी कुराहरू सुनेपछि त मलाई लाग्यो- विपश्यना ध्यान अभ्यास त गर्नै पर्ने रहेछ । कल्याणकारी ज्ञान रहेछ यो विपश्यना ध्यान त । आजको छलफल कार्यक्रममा भाग लिएर राम्रो नै उपलब्धी हासिल गरेको महसूस भयो मलाई । आज देखि नै मैले पनि विपश्यना ध्यान अभ्यास गरी असल मानिस बन्ने कोशिस गर्नेछु । लौ त आजलाई विदा पनि लिंदैछु । ■

## शान्ति खोज्न काँहा जाने ?

- हरि कृष्ण श्रेष्ठ
धरान १२/१४७

शान्ति शान्ति भनि खोज्न काँहा जाने ?
जतातते बम र बन्दुक को धुवाँ गुञ्जिरहेका छन् ॥
हुँदैन यो तरीकाले शान्ति यहाँ ।
अब हाम्रो नै पालो आएको छ ॥
शान्तिको बिकुल फुक्ने ।
जुटौं अब तल देखि शान्तिमा लाग्नेहरू ॥
वन्द गर काटमार निर्ममता पूर्वक भाइ भाइहरू प्रति ।
डकैटी अनि चोरी र बलात्कार कार्यहरू ॥
उठौं तलदेखि शान्ति प्रेमी हो ।
सम्यक पाठ सिकाउन लागि परी ।
बुद्ध जन्मेको भुमीमा शान्ति पारी ॥
अनुरोध छ, पूर्व वर्तमान सम्यक अध्यक्षहरूलाई ।
शान्तीको प्रचार प्रसार गर्नलाई ।
निर्मूल नभएपनि कोशीश जारी राख्नलाई ॥
कोशिश जारी राख्नलाई ॥

## बुद्धको उपदेश

- सुरमावती

बुद्धको उपदेश हो उज्यालो ज्योती
अन्धकारमा पनि चम्कने मोती
बुद्धको उपदेश जति मूल्यवान् छैन अरु
यही उपदेशले दिन्छ साँचो सुख
यही उपदेशले दिन्छ मनमा शान्ति
यही उपदेशलाई प्रयोग गरे हुन्छ दु:खबाट मुक्ती

**★ *मारले (वा अरू कसैले) बाधा पुऱ्याउन नसकिने चार कुराहरू–* १) तथागतलाई अर्पित गरेको दान, २) तथागतको ज्यान, ३) बुद्धका लक्षणहरू र बुद्ध रश्मी, ४) बुद्धको सर्वज्ञता ।**

# सम्यक पूजा–५

प्रस्तुति भिक्षु विशुद्धानन्द (प्राणपुत्र)

**अब हामी मरणानुस्मृति पाठ गरौं–**

हावा आउँदा खेरी दीयो निभे जस्तै
आयु कर्म सकेर मृत्यु प्राप्त हुन्छ
अन्य प्राणिहरू मरी गए जस्तै
म पनि अवश्य मरी जानु पर्छ
विजुली चम्के झैं पानी फोका जस्तै
दुबोमा टल्किने शीत थोपा जस्तै
एकैछिन नरोकि सूर्य अस्ताय जस्तै
जन्मे पछि प्राणी मृत्यु तिर दौडन्छ
कल्पना योजनाहरूमा भुल्दा भुल्दै
दुर्घटना रोग आदि निहुँ पारी
शिकारीले शिकारको मौका ताके जस्तै
कति वेला कुन क्षण मृत्यु आइलाग्छ
वैज्ञानिक व्यापारी दार्शनिक नेता
समृद्ध पुण्यवान योगी अरहन्त
ऋद्धिवान सम्बुद्ध पनि मृत्यु हुन्छ भने
म जस्ताको त नमर्ने कुरा के गर्नु
अल्पायु पशुपंक्षी दीर्घायु ब्रह्मा
दु:खी दरिद्र प्रेत भोगी यक्ष देव
स्त्री पुरुष बालक युवा बृद्धालाई
मृत्युले नष्ट गर्छ भेदभाव नगरी

**अब हामी कामना पाठ गरौं–**

यस सम्यक पूजाद्वारा गरिएको चित्त शुद्धले
होस सद्धर्म चिरस्थायी लोक होस् सुखी सदा
यस सम्यक पूजाद्वारा लाभ भएको पुण्य जति
गरून् सबैले अनुमोदन भईकन सबै सन्तुष्टि
पूर्ण गरी दान शीलादि सबै भएका दश पारमि
प्राप्त गरी जुनेच्छित बोधि प्राप्त होस अमृत पद
गर्दछु वन्दना अनन्त गुणी आमा बाबुलाई
अनन्त गुणी गुरूलाई गर्दछु वन्दना सदा
यस धर्मानुकूल आचरणले बुद्धलाई पूज्दछु
यस धर्मानुकूल आचरणले बुद्धलाई पूज्दछु
यस धर्मानुकूल आचरणले धम्मलाई पूज्दछु
यस धर्मानुकूल आचरणले संघलाई पूज्दछु
निश्चय नै यस आचरणले जन्म जरा व्याधि
मरणदेखि मुक्ति पाउने छु ।
यस पुण्यको प्रभावले संगत नहोस् मूर्खको
सन्त समागम होस् नभए सम्म निर्वाण प्राप्त
यो हाम्रो पुण्यद्वारा होस् क्षय आश्रवको
यो हाम्रो पुण्यद्वारा बनोस् हेतु निर्वाणको

**अब हामी पत्तिदान पाठ गरौं–**

यो हाम्रो पुण्य पाउन् ज्ञातिहरूले सुखी रहुन् ज्ञातिहरू
यो हाम्रो पुण्य पाउन् नरकवासीहरूले
सुखी रहनु नरकवासीहरूले
सुखी रहुन् प्रेत असुरहरू
यो हाम्रो पुण्य पाउन् पशुपंक्षीहरूले सुखी रहुन् पशुपंक्षीहरू
अहिले सम्म जति हमीले पाएका छौं पुण्य सम्पत्ति
गरुन् अनुमोदन मनुष्यहरूले होस् सिद्ध सबै सम्पत्ति
गरुन् अनुमोदन देवताहरूले होस् सिद्ध सबै सम्पत्ति
गरुन् अनुमोदन ब्रह्माहरूले होस् सिद्ध सबै सम्पत्ति

**अब हामी पत्तानुमोदन पाठ गरौं–**

होस् विमुक्त सबै क्लेश सबै सन्ताप वर्जित होस्
होस् अतिक्रमण सबै शत्रु निर्वाण पनि प्राप्त होस्
होस् शान्त सबै उपद्रव शोक रोग विनाशियोस्
नहोस् सबैलाई अन्तराय सुखी दीर्घायु होस्
होस् सबै मंगलहरू गरून् रक्षा सबै देवताले
सबै बुद्धको प्रभावले होस् कल्याण सदा सबैको
सबै धम्मको प्रभावले होस् कल्याण सदा सबैको
सबै संघको प्रभावले होस् कल्याण सदा सबैको

साधु ! साधु !! साधु !!

*क्रमशः*

## संशोधन

धर्मकीर्ति फागुण महिनाया वर्ष १९ अंक ११ पृष्ठ २० य् बिचा: हाय्का शिर्षकय् मदुम्ह सानुकाजी शाक्यया काय्पिं खुम्ह दुपिं मध्ये पंचम् पुत्र आनन्द रत्न या नां छुटे जूवंगु जानकारी प्राप्त जूगुलिं वयेकया नां समेत दुथ्याका ब्वना दीत इनाप याना । – सम्पादक

# कर्म र कर्मफल–५

*- भिक्षु अश्वघोषद्वारा लिखित, भिक्षु संघरक्षितबाट अनुदित*

अपरापरिय वेदनीय कर्मको अर्को अर्थ हुन्छ- बाजेले गरिराखेको कर्म नाति-पनातिहरूले भोग गर्नुपर्ने कर्म । कोही-कोही बच्चाहरू आमा-बुबाको नभै बाजेहरूको गुण-रुप लिएर आएका हुन्छन् । अनुहार पनि बाजेको मा जाने, व्यवहार पनि बाजेकै जस्तै हुने हुन्छ ।

अर्को उपमा दिनुपऱ्यो भने, दराजमा सुरक्षित राखिएका लुगाहरू सबै एकैचोटि लिएर लगाउँदैन । कहिलेकाहीं भोज भतेरमा जानुपर्दामात्र चाहिने-चाहिने छानेर लुगा लगाउने जस्तै आफूले गरिराखेको कर्मफल पनि अवसर पर्दामात्र भोग्नुपर्ने हुन्छ । यही नै जन्ममा फलभोग गर्नुपर्छ भन्ने कुराको कुनै निश्चित छैन ।

## ४. अहोसी कर्म

गरिराखका सबै पापकर्मको फलभोग गर्न नपर्ने पनि हुन्छ । गौतम बुद्धको शिक्षाअनुसार विशेषता भएको यो कर्म हो । यही जन्ममा गरिराखेको कर्मको फलभोग गर्न नपर्ने गरी लोप भएर जाने कर्म नै अहोसी कर्म हो । पञ्चमहापापको फल भने भोग नगरी धरै छैन । अंगुलिमालको कर्म अहोसी कर्म थियो । उसले ९९९ जना मानिसलाई मारेर औंलाको माला लगाए पनि उनी यही जन्ममा नै अर्हत् भएका थिए । उसले अर्को जन्ममा भनेर कुनै पनि कर्मफल भोग गर्नुपरेन ।

अंगुलिमालको नाम अहिंसक हो । ऊ पहिला धेरै ज्ञानी, बुद्धिवान् र अवस्था हेरेर काम गर्न सक्षम व्यक्ति थियो । पढ्नेमा पनि सबभन्दा माथि थियो, बुझ्न पनि त्यतिकै सक्ने ज्ञानी, मनले विचारेर काम गर्न जान्ने, जानेको कुरामा घमण्डी नभई कोमल स्वभाव भएको भएर नै अहिंसकलाई उसका गुरु र गुरुआमाले धेरै मनपराउँथे । गुरु गुरुआमाले उसकै मात्र प्रशंसा गरिराख्ने भएर उसका साथीहरूको मनमा उनीप्रति डाह-ईर्ष्या भएर अहिंसकलाई खुट्टा तानेर सिध्याउने धेरै प्रयास गरेर गुरुमाथि भ्ूठचुग्ली गरे । उनीहरूको चुगली कुरालाई गुरूले पत्यारै गरेनन् ।

एकदिन अहिंसकलाई सन्चो भएन । गुरुआमाले उसको शिर सुमसुम्याइ आराम दिन लागेकी थिइन् । यो देखेर ती इर्ष्यालु साथीहरूले अहिंसक गुरुआमासंग सुतिराखेका छन् भनी भ्ूठो चुगली गरी गुरुको मनलाई बिगारिदियो । गुरुको पनि विवेकबुद्धि नै हरायो । साँचो-भ्ूठो विचारै नगरी गुरूले जोशमा होश गुमाएर अहिंसकलाई मार्ने मनसाय राख्यो । आफूले सीधै मार्न नभएर अरूद्धारा नै मार्न लगाउन अहिंसकलाई बोलाएर भन्यो– "अहिंसक, तिमी बिद्यामा पारंगत भयौ । तिमीले मलाई एक हजार मान्छेहरूको औंला काटेर माला बनाई गुरू-दक्षिणा देऊ ।"

अहिंसक पनि गुरूभक्तिमा भुल्यो । ज्ञानी र बुद्धिवान् अहिंसकको पनि विवेकबुद्धि हरायो । गुरूपूजा गर्ने र गुरूदक्षिणा दिने इच्छाले अहिंसक हिंस्रक बन्यो । ज्ञानी अहिंसक उद्दण्ड हिंस्रक बन्यो । गुरुआज्ञा पालन गर्न तरबार बोकेर जंगलको बाटोमा गयो । त्यहाँ बाटोमा आउने जति मानिसलाई मारेर तिनीहरूको औंला काट्न शुरू गऱ्यो । औंला जम्मा गर्दा बाहिर राखेका चीलले लिएर जाने र जमीनमुनि लुकाएमा कुहिएर जाने हुँदा औंलाको माला बनाएर आफ्नै घाँटीमा लगाउने गऱ्यो । त्यसबेलादेखि अहिंसक हिंस्रक, मानव-दानव अंगुलिमाल नामले कुख्यात भयो । उसले धेरै मानिसलाई मारेको हुनाले कोशल राज्यमा हाहाकार मच्चिन थाल्यो ऊदेखि सबै डराएर सबैको निंद्रा हराम भयो ।

कोशल राजाले उसलाई मार्न सैनिकहरू तयार पारे । अंगुलिमालकी आमाले यो खबर थाहा पाइन् । छोराप्रतिको स्नेह त हो, छोराको अनुहार एकपल्ट हेर्नुपऱ्यो उनलाई बचाउनुपऱ्यो भनी अंगुलिमाल भएको जंगलतिर जान तयार भइन् । यो खबर बुद्धले अवबोध गर्नुभयो । शाक्यमुनि बुद्धले विचार गर्नुभयो– अंगुलिमालले ९९९ मानिसहरूलाई मारिसक्यो । हजार औंला पुऱ्याउन एकजनाको औंला काट्न मात्र बाँकी थियो । आज उसले आमालाई समेत बाँकी राख्ने छैन । आमालाई माऱ्यो भने ऊ पञ्चमहापापबाट बच्न सक्नेछैन । अनि अंगुलिमाल दुःखबाट मुक्त हुनसक्तैन । ऊ पुण्य गरी आएको व्यक्ति हो । उसको मुटुमा पुण्यको बीज लुकेको छ । नराम्रा साथीहरूले उसलाई बिगारिदिए । गुरुको पनि विवेकबुद्धि हीन भई अरूले भनेको कुरालाई ठीक छ वा छैन भनी सम्म विचार नगरी अहिंस्रकलाई ज्यानमारा बनाइदियो । अहिंसक पनि अन्ध गुरु भक्त बन्यो । उसका दुष्ट साथीहरू छलगर्न सफल भए । उसका साथीहरू र गुरुले अहिंसकलाई मान्छे मार्ने ज्यानमारा बनाई हजारौं मान्छेहरूलाई मार्न लगाए ।

तब तथागत बुद्धले चिन्तन गर्नुभयो– "मैले उसलाई भेट्न गएमा उसको मन परिवर्तन हुने हो कि होइन उसले मेरो कुरा सुन्ने हो कि होइन ? ... यथार्थतः ऊ एक बुद्धिमान व्यक्ति हो । सायद उसले पहिलेझैं जोशमा होश गुमाउँदैन होला । उसलाई बरोबर होश आउँछ । उसलाई साथीहरूले हिंसक बनाइदियो । गुरुले

पनि आफूमा अनुचित विचार पालेर उसलाई नराम्रो भयंकर बाटोमा लगाइदियो । अवश्य पनि उसको हृदय परिवर्तन हुनसक्छ ।

यसरी विचार गरी अंगुलिमालको आमा त्यहाँ पुग्नु अगावै बुद्ध अंगुलिमाल भएको ठाउँमा पुग्नुभयो । अंगुलिमालले आफ्नो अन्तिम शिकार गर्न बुद्धलाई तरबार समातेर लखेट्ने प्रयास गऱ्यो तर बुद्धको आध्यात्मिक शक्ति तथा मनोबलको प्रभावले अंगुलिमालको पाइला धीमा भयो । उनको खुट्टा झन्झनाएझैं हुनथाल्यो । हात पनि लट्ठिले पिटेझैं चलमलाउन भएन । अंगुलिमालले विचार गऱ्यो कस्तो मानिस आइपऱ्यो । मसँग डराएर मेरो अगाडि कोही पनि आउन सक्तैनथ्यो । यो एकजना तेजस्वी, निर्भीक व्यक्ति को होला, जान्नुपऱ्यो भनी अलि नजिक गएर उसले सोध्यो– "ए श्रमण, नडराउने भए एकछिन रोक ।"

भगवान बुद्धले भन्नुभयो- "म त रोकेकै छु । तिमी भने मानिसहरूको हिंसा गर्दै दौडिरहेका छौ । तिमीमा भएको विवेकबुद्धि कहाँ गयो ? तिमीले एकचोटि विचार गरी हेर । तिमीले आफूखुशी मानिसहरू मारेर औंलाहरू काटिराखेका छौ त ? तिमी अहिंसक कसरी हिंसक भयौ ?"

अंगुलिमाललाई आश्चर्य लाग्यो । "मदेखि सबै डराउँछन् तर यसमा कति पनि डर छैन । अनुहारमा पनि कस्तो तेज व्याप्त, कस्तो फूर्तिका साथ कुरा गरिरहेको छ । फेरि कस्तो कुरा गरेको ? वास्तवमै पनि मैले मन लागेर हिंस्रक भएको होइन । गुरु दक्षिणाको लोभमा म ज्यानमारा भएको हूँ । मेरो विवेकबुद्धि कहाँ हराएको रहेछ । कस्तो अत्याचार गरिरहेको छु मैले गुरु दछिणाका लागि । तपाईं को हुनुहुन्छ ? अंगुलिमालले सोध्यो । प्रश्नको जवाफमा भगवान् बुद्ध भन्नुहुन्छ- "मलाई बुद्ध भन्दछन् ।"

यति सुन्नासाथ नै अंगुलिमालले तरबार फालेर भगवान् बुद्धको खुट्टामा परी भन्यो– "भो शास्ता गौतम बुद्ध ! मलाई शरण लिनुहोस् । म ब्यूँझिएं । म पापबाट मुक्त हुन चाहन्छु । म फेरि यस्तो पापकर्म गर्दिनँ । मलाई भिक्षु बनाईदिनुस् ।"

शास्ता बुद्धले भन्नुभयो– "भिक्षु हुँदैमा पापबाट मुक्त हुने होइन । तिमीले आफ्नो गल्ती महसुस गर, फेरि कहिल्यै पनि तिम्रो मनमा नराम्रो कल्पना र विचारसम्म आउन नदेऊ । सँधै मैत्री र करुणा जागृत गरिराख । जसले जेसुकै भने पनि कसैमा द्वेषभाव नराख । अनिमात्र तिमी दुःखमुक्त बन्न सक्छौ ।"

तथागत बुद्धले अंगुलिमाललाई भिक्षु बनाई दिनुभयो । त्यो दिनदेखि ऊ फेरि अहिंसक बन्यो । उसले कुनैप्रकारको पाप चेतना राखेन । निर्दोष र पवित्ररूपमा उनी अरहन्त भयो । उसले त्यतिधेरै मान्छेहरूको हत्या गरेकोको विपाकफल अर्को जन्ममा भोगिराख्नु परेन । यसैलाई अहोसि-कर्म अर्थात् कर्मफल भोग गर्ने नपर्ने गरी बीचमै हराएर जाने कर्म भनिन्छ ।

बुद्धधर्मको कर्मफल अन्यान्य धर्मावलम्बीको कर्मफलसँग तुलना गर्दा धेरै अन्तर पाईन्छ । कुनैपनि कर्मको फल भोग्नैपर्छ भन्ने छैन । सबैकुरा पूर्वकर्मअनुसार नै हुन्छ भन्ने पनि छैन । अर्को पनि फलभोग गर्न नपर्ने चारवटा कर्म छन्-

**१) गरुककम्म:**

गरुककम्म भन्नाले ठूलो कर्म भन्ने बुझिन्छ । नराम्रो काम तिर विचार गर्दा यसलाई ठूलो पञ्चमहापाप-कर्म पनि भनिन्छ । पञ्चमहापाप भनेका यी हुन् १. आमाको हत्या गर्नु २. बुबाको हत्या गर्नु ३. अरहन्त व्यक्तिको हत्या गर्नु ४. बुद्धको शरीरबाट रगत बग्ने गरी चोटपटक दिनु र ५. संघभेद (मिल्नेहरूलाई छुटाइदिनु) गर्नु ।

राम्रो कामको दृष्टिबाट विचार गर्दा गरुककम्म भन्नाले प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान, पञ्चम ध्यान पूरा गरी अष्टसमापत्ति ध्यान प्राप्त गर्नु हो । त्यसपछि ब्रह्मलोकमा पुग्नु हो । यो सामान्य मानिसहरूका लागि लौकिक कर्म भयो ।

**२) आसन्नकम्म:**

आसन्नकम्म भन्नाले मरण अवस्थामा गर्ने काम भन्ने बुझिन्छ । मानिसहरू मरणशय्यामा रहँदा डराएर बस्छन् । मरेर कहाँ जन्म लिने होला ? मैले के धर्मकर्म गरेको छु ? मैले अरुलाई दुःख पुग्ने नराम्रो काम पनि गरेको छु कि ? अब राम्रो धर्मकर्म गर्नुपर्ला कि ? भन्ने जस्ता विचारभाव त्यसबेला आइरहन्छ । कोही मर्नेबेलामा दानादि धर्मकर्म गर्नेहरू छन् । सिकिस्त हुनेबेला दान-प्रदान गर्नेहरू पनि छन् । धर्मकर्म गर्दा मर्ने मान्छेको चित्त राम्रो ठाउँमा पर्ला कि भन्ने आशाले गर्ने कर्मलाई आसन्न-कर्म भनिन्छ । यस्तो दानादिकार्य प्राण त्याग्ने बेलामा मनलाई सन्तोष बनाउने र आनन्दित तुल्याउने काम हो । मन शान्त भई मर्नसक्यो भने सुगतिमा पुग्छ भन्ने विश्वास गरिन्छ । उदाहरणको लागि यहाँ मट्टकुण्डलीको एउटा कथा प्रस्तुत गरिन्छ–

### मट्टकुण्डलीको कथा

मट्टकुण्डली एकजना धनाढ्य महाजनको एक्लो छोरा थियो । त्यो महाजन कञ्जुस भई कसैलाई केही पनि नदिने भएकोले उसको नाम नै अदिन्नपुब्बक

(=कहिल्यै केही नदिने) रहन गयो । त्यतिमात्र होइन, आफू पनि मिठो नखाने, राम्रो नलगाउने, परिवारलाई पनि राम्रो खान-लाउन नदिने स्वभावको थियो । उसैको एक्लो छोरो मट्टकुण्डलीलाई जवान उमेरमा नै जण्डिस (पहेंलो रोग) लाग्यो । बाबुचाहिँ लोभी कंजुस भएर औषधिमूलो पनि गरिदिएन । रोग झन् झन् चर्किंदै गयो । आमाचाहिँ धेरै नै आत्तिएर कराउन थालेकीले त्यस महाजनले बैद्यकहाँ गएर सोध्नगयो– पहेंलो रोग लागेकोलाई कुन औषधि ख्वाउनुपर्ला ?" बैद्यलाई बोलाएर देखायो भने फीस (शुल्क) तिर्नु पर्ला, धेरै औषधि पनि किनेर ख्वाउनु पर्ला भनी बैद्यकहाँ सोध्नमात्र गएको थियो ।

बैद्यलाई थाहाथियो, त्यो साहू कञ्जुस छ, पैसा दिनु पर्ला भनी घरमा नलगी यसरी सोध्न मात्र आएको हो । उसले पनि महाजनलाई भएनभएको कुनै रुखको पात उमालेर ख्वाउनु भनी पठायो । नमिलेको औषधीले रोग झनै चर्कियो । छरछिमेकीहरू बिरामी हेर्न आएमा आफ्नो घरका सम्पत्तिहरू देख्नेछन् भन्ने विचारले उसले सिकिस्त भएको छोरालाई बाहिर बार्दलीमा राख्न लग्यो ।

छोराले बिचार गर्नथाल्यो- "मलाई मेरा बुबाले अकालमा त्यसै मार्न लाग्यो । कस्तो कपटी बाबुको कुलमा जन्म लिन आएछु ।" इत्यादि तर्कना गर्दै बाबुप्रति द्वेषभाव राखेर रिसाउन थाल्यो ।

मर्नेबेलामा चित्त नराम्रो भएर बोझो भइराखेको मट्टकुण्डलीको मनको कुरा करूणावान बुद्धले थाहा-पाउनुभयो । वहाँले विचार गर्नुभयो- "मट्टकुण्डली मर्ने अवस्थामा पुगेर आफ्नो बाबुप्रति द्वेषभाव राखिबसेको छ । अब म उसकहाँ गए भने उसको मन प्रसन्न हुनेछ । अनि उसले आफ्नो मनलाई प्रसन्न तुल्याई खुशी साथ देहत्याग गरेर सुगतिमा पुग्नेछ.......।"

यस्तो विचार गरी महाकरूणावान् भगवान् बुद्ध मट्टकुण्डलीको घरतिर लाग्नुभयो । भगवान् बुद्धलाई देख्ने बित्तिकै उसको मन एकदम प्रसन्न भयो । कञ्जुसी बुबालाई पनि बिर्स्यो । "अहोभाग्य ! मर्नेबेलामा भगवान् बुद्धको दर्शन पाएँ" भनी रमाउँदै प्रसन्न चित्त राखी मरेर गयो । धम्मपद अट्ठकथामा उल्लेख भएअनुसार मट्टकुण्डली सुगतिमा पुग्यो । यसप्रकारको अवस्थालाई आसन्न (नजिकै पुगेको) कर्म भनिन्छ ।

**३) आचिन्नकम्मः**

आचिन्नकम्म भनेको सधैं अभ्यास गर्ने कर्म मर्ने बेलामा मात्र धर्म-कर्म गर्नुभन्दा आफू बाँचिरहेको बलियो अवस्थामा बरोबर अभ्यासको रूपमा गर्ने धर्म-कर्म, दरिलो र अत्युत्तम हुनेहुन्छ । अरूलाई दुःख नदिई समय-समयमा दान-प्रदान र परोपकारका कामहरू गरिराख्यो भने मर्नेबेलामा मन हलुको हुन्छ, शान्त हुन्छ र त्यस्तो असल कामको सम्झना मात्रले पनि मनलाई ठूलो भरोसा गर्दछ । यस्तोलाई आचिन्न कर्म अर्थात् अभ्यास गरिराखेको धर्मकर्म भनिन्छ ।

## धर्म अभ्यासी उपासक

बुद्धको समयमा श्रावस्तीमा एकजना उपासक थियो । उसको बरोबर जेतवन विहारमा पुगेर भगवान् बुद्धको उपदेश सुन्न जाने बानि थियो । उनले धर्मोपदेश सुनेझैं आचरण राम्रो बनाउने, चालचलन शुद्ध बनाउने र अभ्यास पनि गर्दै लग्यो । आफ्नो टोल-समाजमा पनि सकेसम्म अरूको उपकार एवं सहयोग पनि गर्ने भएर उसको नाम नै धार्मिक कहलियो ।

एकदिन ऊ बिरामी भयो । आफू धेरै दिन नबाँच्ने कुरा उसले जान्यो । उनले भिक्षुसंघलाई निमन्त्रणा गर्न पठायो । आइपुगेका ८-९ जना जति भिक्षुहरूमा सतिपट्ठान सूत्र पाठ र उपदेश सुन्ने इच्छा जाहेर गऱ्यो । भिक्षुहरूले पाठ गर्न शुरू गरे । त्यो उपासकको ज्वरो धेरै माथि चढिरहेको थियो । विभिन्न देवलोकबाट विमान लिई हाम्रो विमानमा बस्न आउँनुस्, हाम्रो विमानमा बस्न आउनुस् भनी कराउन आएको उसले देख्यो । आकुलझुक्कुल उनलाई अलि-अलि होश भएको झैं हुन्थ्यो । धर्मदेशना सुनिरहँदा बाधा महसुस गरेर ऊ करायो– "के कराइरहेको ? नकराउ, जाऊ ।"

भिक्षुहरूलाई आफूलाई नै जाऊ भनेको झैं लाग्यो । त्यो देखेर छोरीहरू, जहान-परिवार सबै क्वाँ क्वाँ रून थाले । भिक्षुहरू पनि अब यहाँ बस्नु ठीक छैन भनी फर्केर गयो । भगवान् बुद्धले ती भिक्षुहरूलाई सोध्नुभयो– "धम्मिक (धार्मिक) उपासकलाई कस्तो छ नि ?"

भिक्षुहरूले खिन्न भएर जवाफ दियो– "भो भगवन, हामी सतिपट्ठान-सूत्र पाठ गर्दै थियौं, धम्मिक उपासकले नकराऊ, फर्केर जाऊ भनी कराउन थाल्यो । उसका जहान-परिवारहरू पनि रूनथाल्यो । अनि हामी त्यसै बीचैमा पाठ गर्न रोकेर फर्कि आयौं ।"

यो सुनेर गौतम बुद्धले भन्नुभयो– "हे भिक्षुहरू, तिमीहरू कस्तो अज्ञानी हौ । त्यो उपासकले तिमीहरूलाई जाऊ भनेको होइन । उसलाई पूर्वनिमित्त देखायो । उसले देवलोकबाट विमान लिएर आफूलाई लिन आइरहेको देख्यो । उपदेश र पाठ सुन्नमा बाधा भएर उनीहरूलाई भनेको थियो, तिमीहरूलाई भनेको थिएन ।"

उता त्यो उपासकको होश आयो । छोराछोरीहरू रोइराखेको देख्यो । भिक्षुहरूलाई नदेखेर सोध्यो– "भन्तेहरू कहाँ जानुभयो ?"

छोराहरूले भएको सबै कुरा भने । अनि धार्मिक उपासकले भन्यो– "मैले वहाँहरूलाई भनेको होइन । जे भए पनि भयो । म त प्राण त्यागेर राम्रो सुगतिमा जान लागें । मैले पूर्वलक्षण देखें । मैले अरूहरूलाई दु:ख हुने कुनै काम गरेको छैन । अरूलाई उपकार हुने काम मात्र गरेको छु । तिमीहरूको पनि म जाने ठाउँमा आउने इच्छा भए धर्मको अभ्यास गरेर तिमीहरूको चालचलन राम्रो बनाऊ । हामीहरूलाई टोल-समाजका मानिसहरूले धर्मात्मा भन्दछन् । यो हाम्रो आचरण राम्रो भएकोलेनै हो । तिमीहरूले पनि धर्माचरण र त्यसको अभ्यास गर्ने काम नछोड्नु । कुरा मात्र धेरै गर्नु हुँदैन । काम राम्रो बनाउनुपर्छ । मर्ने बेलामा अरू कसैको भरोसा हुँदैन । आचरण-व्यवहार नै मात्र आफ्नो भरोसा हुन्छ । अरूलाई बिघ्न-बाधा हुनेगरी काम गर्नु हुँदैन । अब जानलागें ।"

यसरी परिवारलाई यथार्थ कुरा सम्झाएर धार्मिक उपासकले आफ्नो देहत्याग गऱ्यो । यसलाई 'आचिन्नकम्म' अर्थात् अभ्यास गरेको कर्म भनिन्छ । यो राम्रो, भरपर्दो र विश्वासिलो आधारयुक्त धर्म-कर्म हो ।

**४) कटत्ताकम्म :**

कहिलेकाहीं गर्ने कर्मलाई कटत्ताकम्म भनिन्छ । माथि उल्लिखित आसन्न र आचिन्न-कर्म अर्थात् मर्ने बेलामा गर्ने र अभ्यासको रूपमा निरन्तर गर्ने धर्म-कर्मको कुनै निश्चित छैन । धर्म अभ्यास गर्ने र मरनासन्नमा धर्मकर्म गर्ने भनेको धेरैले गर्न सक्ने कुरा होइन । मृत्यु भनेको कहाँ कसरी के भएर हुन्छ, केही ठेगान छैन । धर्मकर्म गर्नपाउँला नै भन्ने ग्यारेन्टी पनि छैन । त्यसैले असक्त समयमा बेलामौका पारेर परोपकार कार्य र पुण्य कर्ममा लाग्न सकेमा आफूलाई अन्तिम अवस्थामा सुगतिको आधार मिल्दछ । मन दृढ हुन्छ । आफू बाँचुञ्जेल बेलामौकामा शुद्ध मनले गरिराखेको धर्मकर्म अन्तिम अवस्थामा सम्झिँदा मात्र पनि मनलाई भरोसा मिल्छ । मैले गर्न सक्ने बेलामा केही पनि राम्रो काम गरेको थिइन भनी चित्त दुखाएर बस्नुपर्ने अवस्था हुँदैन । नराम्रो काम गरिराख्यो भने अन्तिम अवस्थामा त्यही कुरा झलझली सम्झना आइरहन्छ । त्यसले मनको छटपटीलाई बढाउने गर्दछ । यसैले सकभर अरूको हानी-नोक्सानी हुने काम नगर्नु नै उत्तम हुन्छ ।

निष्कर्षमा :

प्रस्तुत पुस्तकमा पूर्व जन्मको कुरा र पुर्नजन्मको कुरा बारे धेरै चर्चा भएको छ । बुद्धको विचार अनुसार पूर्वजन्म र पूनर्जन्मतिर ध्यान नदिईकन यो वर्तमान जीवन सुधार्नु निष्कलंक बनाइ रहनु बेस छ । वर्तमान जीवन ठीक भए पूर्वजन्म र भविष्य जीवन ठीक हुन्छ । त्यसैले गौतम बुद्धले भन्नुभएको छ–

**अतीनं नानुसोचन्ति-नप्पजप्पन्ति अनागतं ।**
**पच्चुप्पनेन यापेन्ति तेनवण्णो पसीदति ॥**

अर्थ: बितिसकेका जीवनको कुरामा नसोच्नु; शोक नगर्नु; भविष्यको लागि चिन्ता नगर्नु; वर्तमान अवस्थामा सन्तुष्ट भई प्रसन्नतापूर्वक जीवित हुनु उत्तम छ । अनि सुख पाउँछ ।

भवतु सब्ब मंगल:

## विश्वशान्तिका प्रवर्तक हे गौतम बुद्ध

– हिरण्यराज बज्राचार्य *ल.पु.भिंछेबाहाल*

विश्व शान्तिका प्रवर्तक हे गौतम बुद्ध ।
तिम्रो शान्ति सन्देश गुंज्यो पहिले साराविश्वभर ॥
तर ख्वै ? आज झन जताततै अशान्तिले छायो ।
शान्ति सन्देश तिम्रो आज त लथालिंग भै उड्यो ॥

विश्व भरका सवैले आज गौतम बुद्ध पुकाऱ्यो ।
तर शान्ति भने रति छैन यो विश्वभर मै ॥
के गरी कसोगरी विश्व शान्ति ल्याउने ?
जता ततै मच्चिएको युद्धलाई कसरी हटाउने ॥

संयुक्त राष्ट्र संघ समेत विश्वशान्ति नहुनाले ।
बाध्य भै वस्नु पऱ्यो ट्वाल ट्वाल हेर्दै ॥
तर विश्व शान्ति को सही विकल्प ।
कसैको मानव मष्तिकमा नआउनाले ॥

वरु इष्यद्विष भावमात्र मानवमा निरन्तर रहनाले ।
जताततै विश्वभर झन झन युद्ध चर्कनाले ॥
विश्वशान्तिका अग्रदूत हे गौतम बुद्ध ।
पुर्नवार जन्मनु पऱ्यो विश्व शान्तिको लागि ॥

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको प्रतिवेदन

**बुद्ध वचन**

२०५८ फागुन १७ गते ।

रिपोर्टर- रामेश्वरी । स्थान- धर्मकीर्ति विहार । यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको धम्मानुसासक श्रद्धेय अश्वघोष भन्तेबाट "बुद्ध वचन' विषयमा प्रवचन दिंदै भन्नुभयो– **"अत्ताहि अत्तनो नाथो कोहि नाथो परोसिया । अत्तदीपा विहरथ अत्तसरणा अनञ्ञ सरणा । सुद्धि असुद्धि पच्चतं नाञ्ञमञ्ञं विसोधये ।"**

अर्थात्- आफू नै आफ्नो मालिक हो, भरोसा हो । अरु कोहि भरोसा छैन । शुद्ध हुनु र नहुनु आफैमा भर पर्दछ । कसैले कसैलाई शुद्ध गर्न सकिदैन । **अवज्जे वज्ज मतिनो वज्जेच अवज्ज दस्सिनो । मिच्छादिट्ठि समादाना सत्ता गच्छन्ति दुग्गतिं ।**

अर्थात्- निर्दोषमा दोष र दोषमा निर्दोष देखेर मिथ्यादृष्टि ग्रहण गर्ने प्राणी दुर्गतीमा पतन हुन्छ ।

**नपरेसं विलोमानी न परेसं कता कतं**
**अत्तनोव अवेक्खेय्य कतानि अकतानि च ।**

अर्थात्- अरुले के गऱ्यो के गरेन भन्ने कुरा हेर्नु भन्दा आफूले के गरें के गरिन भन्ने कुरा प्रति बिचार गर्नु उत्तम हुन्छ ।

बुद्धले हामीलाई निर्वाण जाने बाटो देखाउनु भएको छ, निर्वाण लाने जिम्मा लिनु भएको छैन । उहाँ मार्ग प्रदर्शक मात्र हुनुहुन्छ । उहाँले देखाउनु भएको मार्गमा पुग्नको लागि हामी आफैंले मेहनत गर्नुपर्दछ । उहाँले दिनुभएको शिक्षा, उपदेशलाई राम्ररी ग्रहण गरी त्यस अनुरूप आफ्नो आचरण र व्यवहार सुधार्दै लानुपर्दछ । आफ्नो चरित्र आफैले सुधार्नु पर्दछ । शुद्ध हुनु र अशुद्ध हुनु आफैमा भरपर्दछ । यदि हामीमा अरुको चियो चर्चा गर्ने बानी छ भने त्यसलाई पनि हटाएर आफुले के गरें के गरीन भन्ने कुरातर्फ सधैं सचेत हुन सकेमा हाम्रो जीवन अवश्य सफल हुनेछ ।"

**२०५८ फागुण २५ गते ।**

रिपोर्टर- विमला शाक्य । स्थान- धर्मकीर्ति विहार । यसदिन सोभियत रत्न तुलाधरले "योग्य भिक्षु र अयोग्य भिक्षु" विषयमा प्रवचन दिंदै भन्नुभयो- गृहस्थ जीवन त्यागी प्रव्रजित हुनुको प्रमुख लक्ष निर्वाण प्राप्त गर्नु हो । निर्वाण अर्थात मुक्ति प्राप्त गर्नको लागि बुद्ध शिक्षाको अध्ययन गरेर मात्र पुग्दैन त्यसलाई व्यवहारमा पनि उतार्ने अभयास गर्नु पर्छ । अनि मात्र त्यस व्यक्ति योग्य भिक्षु हुन सक्नेछ । कस्तो भिक्षु योग्य र कस्तो भिक्षु अयोग्य भनी प्रष्ट पार्नको लागि "मज्झिम निकाय" मा गोठाला को उपमा दिई प्रष्ट पारिएको छ । उक्त ग्रन्थ अनुसार तल उल्लेखित ११ वटा अव गुणहरू भएका भिक्षुहरूले बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्न सक्दैन । त्यसैले त्यस भिक्षु अयोग्य ठहरिने छ। त्यस्तै ११ वटा अवगुणहरू भएका गोठालाहरूले गाईको बथानलाई रक्षा गर्न सक्दैन ।

अयोग्य गोठालाका ११ वटा अवगुणहरू– १. गाईको रुपवर्ण थाहा नभएको २. लक्षण थाहा नभएको ३. झींगा नधपाउने ४. घाऊलाई नछोप्ने ५. लामखुटे हटाउन आगो बालेर धुँवा नभरिदिने ६. तीर्थ थाहा नभएको (पानी खुवाउने ठाउँ थाहा नपाएको) ७. पान थाहा नभएको (गाईले पानी खायो कि खाएन मतलव नराख्ने व्यक्ति ।) ८. वीथि थाहा नभएको (कहाँबाट लग्ने भन्ने बाटो थाहा नभएको ९. चराउने ठाउँ थाहा नपाएको १०. गाईको दुध सबै दुहिदिने ११. गाईको मालिकलाई वास्ता नगर्ने ।

अयोग्य भिक्षुमा रहने अवगुणहरू– १. आफ्नो शरीर चार महाभूतले बनेको छ भनेर थाहा नपाउने व्यक्ति । २. कर्मको कारण थाहा नपाएको । ३. मनमा उत्पन्न भएको अकुशल तर्क वितर्कलाई यथावत राखिरहने । ४. इन्द्रिय संवर गर्ने । ५. आफूले सुनेको, बुझेको उपदेश नदिने । ६. थाहा नपाएको कुरा आफूभन्दा ठूलो भिक्षुसंग नसोध्ने । ७. तथागतको उपदेशलाई बुझ्न नसक्ने । ८. आर्य अष्टाङ्गिक मार्ग यथाभुत थाहा नपाएको । ९. चारवटा स्मृतिप्रस्थान यथाभूत थाहा नपाएको । १०. गृहस्थहरूले दान दिएको बस्तुको मात्रा थाहा नपाउने (मात्रा भन्दा बढि संकलन गर्ने) ११. भिक्षु संघमा आदर गर्न पर्ने व्यक्तिलाई आदर नगर्ने ।

यी नियमहरू भिक्षुहरूका लागि मात्र होइन एक योग्य गृहस्थीको लागि यी उपदेशहरू अझ उपयोगी छन् ।"

## वार्षिक भेला

२०५८ चैत्र ३ गते, शनीवार।

रिपोर्टर- विमला शाक्य। स्थान- धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा डोल।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा बर्षेनी सञ्चालन हुँदै आइरहेको वार्षिक भेला यसपटक धर्मकीर्ति बसुन्धरा विहारमा सुसम्पन्न भयो।

वार्षिक भेलाको पहिलो सत्रको कार्यक्रम ९:३० बजे विहान सामूहिक बुद्ध पूजाबाट शुरु गरियो। यस कार्यक्रममा कुसुम गुरुमांले प्रवचन दिनुहुँदै भन्नु भयो- "यस संसारमा मानिस भएर जन्म लिनु दुर्लभ छ। मानिस भई जन्म लिएर धर्मको कुरा श्रवण गर्ने र कर्त्तव्य परायण भई दु:खबाट मुक्त हुने बाटोमा जाने मानिस झन दुर्लभ छ। धर्मदेशनामा सहभागी हुन पाउनु भाग्यको कुरा हो। यस संसारमा चार प्रकारका व्यक्तिहरूले जन्म लिइरहेका हुन्छन्।

१. **उग्घातिपञ्ञ पुग्गल**- आफैले ज्ञान हासिल गर्ने क्षमता भएका व्यक्तिहरू। उदाहरणको लागि सारीपुत्र, मौद्‌गल्यायण र यश कुमार।
२. **विपञ्चिपञ्ञ पुग्गल**- एक दुई शब्द ज्ञानका कुरा सुन्ने वित्तिकै बुझ्न सक्ने क्षमता भएका व्यक्तिहरू। जस्तै, अंगुलिमाल।
३. **नेय्य पुग्गल**- अलिकति मात्र ज्ञानगुणका कुरा सुनेको भरमा बुझ्न सक्ने क्षमता नभएका र विस्तृत रूपमा बुझ्नका लागि अलि समय लिने व्यक्तिहरू।
४. **पदपरम पुग्गल**- जति सिकाए पनि सिक्न नसक्ने र बुझ्न नसक्ने व्यक्ति।

यी विभिन्न प्रकारका व्यक्तिहरूको स्वभाव अध्ययन गरी हामीले आफूलाई एक योग्य र सक्षम व्यक्ति बनाई दुर्लभ मानिस जन्मलाई सफल बनाउन सक्नु नै हाम्रो कर्त्तव्य हो।"

धर्मदेशना पश्चात् अध्ययन गोष्ठीका सचिव इन्द्रकुमार र अरुण सिद्धिले २०५८ सालको वार्षिक कार्यक्रमको समिक्षा गर्नु भयो। यसको सिलसिलामा अध्ययन गोष्ठीका सदस्यहरूको तर्फबाट सुझाव, समस्या, त्यसको समाधान र गोष्ठीका भावी कार्यक्रम बारेमा आआफ्ना विचारहरू प्रस्तुत गरियो।

कार्यक्रमको दोश्रो सत्र भोजन पछि दिउँसो १ बजे गोष्ठीका सह सचिव ध्रुवरत्न स्थापितको स्वागत भाषणबाट शुरु गरियो। त्यसपछि गोष्ठीका सदस्यहरूले आआफ्नो जिम्मेवारी क्षेत्र भित्र रहेका कार्यहरूको वार्षिक प्रतिवेदन यसरी प्रस्तुत गरियो-

| *विषय* | *प्रतिवेदन प्रस्तुतकर्ता* |
|---|---|
| १. स्वास्थ्य कमिटी | रोशनकाजी तुलाधर |
| २. धर्मकीर्ति मासिक पत्रिका | चिनीकाजी महर्जन |
| ३. शनीवारीय कक्षा | नीता केशरी श्रेष्ठ |
| ४. पुस्तकालय | रामेश्वरी महर्जन |
| ५. आर्थिक (आयव्यय विवरण) | मीनशोभा शाक्य |
| ६. वार्षिक कार्य | इन्द्रकुमार नकर्मी |

यसपछि भिक्षु अश्वघोष महास्थविरले प्रवचन दिनुहुँदै भन्नुभयो- "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी निरन्तर रुपमा सञ्चालन हुँदै आएको ३१ वर्ष पूरा भइसकेको छ। यस गोष्ठीमा सदस्य बनी भाग लिनुको मुख्य तात्पर्य एक असल मानिस बन्नको लागि हो। बुद्ध शिक्षा सुनेर मात्र पुग्दैन त्यसलाई व्यवहारमा उतार्न सक्नु पर्दछ। आफूलाई अरुले प्रशंसा गराउन मन पराउने धेरै जसो व्यक्तिको स्वभाव हुन्छ। तर एक असल व्यक्ति बन्ने हो भने अरुको तर्फबाट आफूलाई प्रशंसा गराउने लोभ चित्त लिएर काम गर्न हुन्न र प्रशंसा गरेन भनेर चित्त दुखाउन पनि हुन्न। मानिस भएपछि सबैको तर्फबाट गल्ती हुन सक्छ। तर असल मानिस बन्न चाहने व्यक्तिले आफ्नो तर्फबाट भइसकेको गल्तिलाई बारम्बार दोहऱ्याउन दिँदैन। उ होशियार बन्न खोज्छ गल्ती होला भनी। तर नैतिक शिक्षाको अभावले गर्दा आज हाम्रो देशको अवस्था गिर्दै गएको देखिन्छ। त्यसैले आजभोलीको वातावरणमा धर्मदेशना र नैतिक शिक्षा, धार्मिक छलफलको अति आवश्यक भएको देखिन्छ। यी कार्यक्रमहरूले सबै मानिसहरूलाई नभएपनि केही मात्रामा मात्र भएपनि नैतिक शिक्षा भएका शिक्षित व्यक्ति जन्माउन सक्नेछ। आजको सन्दर्भमा यस्तै शिक्षित व्यक्तिहरूको खाँचो रहेको देखिन्छ।"

कार्यक्रमको अन्त्यमा सभापती वीर्यवती गुरुमांले भन्नुभयो- "हामीले आफ्नो मनमा अनुसय क्लेशको रुपमा लुकेर बसेका खराव स्वार्थी भावनाहरूलाई आफ्नो वचन र शरीरबाट व्यक्त हुन अगाडि नै आफूलाई ती खराव भावनाहरूबाट हरेक क्षण अलग्ग राख्न प्रयासरत हुन आवश्यक छ। यसको लागि हामीले हरेक क्षण शील, समाधि र प्रज्ञाको खुड्‌कीलो चढ्ने कार्यमा अभ्यासरत रहनुपर्ने देखिन्छ।"

यसपछि अरुण शिद्धि तुलाधरबाट हाजिरी जवाफ कार्यक्रम संचालन गरियो भने अगम्य रत्न कंशाकारले धन्यवाद दिई कार्यक्रम समापन गरियो।

## श्रद्धाञ्जलि सभा

२०५८ चैत्र १७ गते, शनिवार ।

स्थान- धर्मकीर्ति बिहार, श्रीघः नघल ।

यसदिन "धर्मकीर्ति विहार संरक्षण समिति" का कार्यकारणी सदस्य श्री भिमबहादुर श्रेष्ठ गत चैत्र ६ गते मंगलबारका दिन असामयिक दिवंगत हुनु भएको दुखद् उपलक्ष्यमा एक श्रद्धाञ्जलि सभाको आयोजना गरीयो ।

"बि.सं. १९८२ मा जन्मनु भएको दिवंगत श्री भिमबहादुर श्रेष्ठ श्रीमती दिलमाया महर्जनको संगतमा बुद्ध-धर्ममा श्रद्धा उत्पन्न भई शुद्ध रुपमा यसैको उत्थान र उन्नतिको लागि यस धर्मकीर्ति विहार स्थापना पश्चात विहारमा कोठा बनाउन आर्थिक सहयोग गर्नुभई यस विहारको आजिवन सदस्य, 'धर्मकीर्ति' पत्रिकाको बिशेष सदस्य हुनु भई, यस विहारबाट प्रकाशित पात्रोलाई पनि समय समयमा प्रायोजन गरी यस धर्मकीर्ति विहारलाई तन, मन र धन तिनै तवरले सहयोग गर्नुभई बुद्ध-शासन चिरस्थायीको लागि सहयोग गर्नु भएको छ । वहाँको योगदान धर्मकीर्ति विहारमा मात्र नभई अरुपनि थुप्रै विहारको प्रशासनिक एवम् कानूनी कार्यको बिशेष योगदानलाई हामीले बिर्सन सकिन्दैन । वहाँको यस दुःखद निधनमा हामीलाई अपूर्वनीय क्षति भएको छ ।" भनि यस ध.स.स.का अध्यक्ष भिक्षुणी धम्मवतीले भन्नुभयो ।



स्व. भिमबहादुर श्रेष्ठ

सामूहिक पञ्चशील प्रार्थनाद्वारा शुरु गरिएको उक्त श्रद्धाञ्जलि सभामा ध.स.स.का कार्यकारणी सदस्य एवम् धर्मोदय सभाका अध्यक्ष श्री लोकदर्शन बज्राचार्य र युवा बौद्ध समूहका अध्यक्ष श्री शान्तरत्न शाक्यले पनि वहाँको योगदानबारे प्रकाश पार्नु भयो ।

सोही अवसरमा ध.स.स. का अध्यक्ष भिक्षुणी धम्मवतीले श्रीमती दिलमाया महर्जनकी नाती श्री उलन महर्जनलाई एक "शोक-पत्र" प्रदान गर्नुभयो । साथै ध.स.स.का कोषाध्यक्ष श्री सानुरत्न स्थापितले मैनबत्ती बाली र युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्यले खाता चढाउनु भई वहाँ प्रति श्रद्धाञ्जलि अर्पण गर्नुभयो ।

धर्मकीर्ति विहारका गुरुमाँहरूबाट "मैत्री सूत्र" पाठ गरी वहाँको निर्वाणको कामना गरीएको उक्त शोक सभा ध.स.स.का सचिव श्री अगम्य रत्न कंसारकाले सञ्चालन गर्नु भएको थियो ।

अन्त्यमा, सामूहिक पुण्यानुमोदन गरी यस पुण्यको हेतुले वहाँको निर्वाणको कामना गरियो ।

## बिचाः हायेका पौ

२०५८ चैत्र १७ गते, शनिवार । थाय- श्रीघः नःघः, यँ ।

श्रीमती दिलमाया महर्जन व सकल परिवार

हनेबःम्ह भाजु भिम बहादुर श्रेष्ठजु वंगु २०५८ चैत्र ६ गते आकाझाकां मदुगु न्यना थुगु धर्मकीर्ति विहार संरक्षण समितिया जिपिं सकल दुजःपिं स्तब्ध जुल । थुगु संरक्षण समितिया दुजः वयकः मदुगुलिं थुगु समितियात तःधंगु क्षति जूगु जिमिसं अनुभव याना ।

वयकःया थुगु विहार व संरक्षण समिति प्रति यक्व आस्था व श्रद्धा दुगु झी सकसिनं प्रत्यक्ष अनुभव याना च्वनागु खँ जुल । धर्मकीर्ति विहार स्थापना जुयालि विहारे क्वथा दयेकेगुलि वय्कलं आर्थिक ग्वहालि याना विहारयात धिसिलाकेगु ज्या यानादिल । विहारया आजीवन सदस्य जुयादीम्ह वय्कः धर्मकीर्ति पत्रिकाया नं बिशेष सदस्य खः । विहारं पिहांवइगु पात्रोयात नं वय्कलं इलय् ब्यलय् आर्थिक ग्वहालि बिया प्रायोजन यानादीगु दु । विहारया प्रशासनिक व कानूनी ज्याय् वय्कःया विशेष ग्वहालि व देन दुगु खँ झीसँ गुबलें हे ल्वमंके फइमखु । थुगु विहारया कचाकथं पलिस्था जूगु सुलक्षणकीर्ति विहारया निर्माण कालंनिसें थी थी कथं ग्वहालि यानाझाःम्ह वयक्ःया मत्यवं जूगु देहावसान विहारया निंतिं तःधंगु क्षति भाःपिया । बुद्ध शासनया उन्नति बृद्धी ज्याय् न्ह्यब्वानाच्वंगु विहारया छम्ह सक्रिय कार्यकर्ता अले क्वात्तुम्ह श्रद्धावान उपासकया अवसानं शासनया ब्यलय् छगू पूमवनीगु क्षति जूगु दु । जन्म जुसेंली मरण मजुसे मगाःगु प्राकृतिक नियमयात प्रमाणित यासे दिवंगत जुयादीम्ह भिम बहादुर उपासकयात निर्वाण लाभ जुइमा धैगु पुण्य आकांक्षालिसें शोकं कःपिं परिवारजनपिन्त संसारया अनित्य स्वभावयात बाँलाक चायेकाः भगवान बुद्धं क्यना बिज्यागु सत्मार्गय् मद्दिक्क न्ह्याःवने फयेमा धकाः नं आशिका यासे थुगु विचाः हायेका पौ लःल्हानागु जुल ।

*अनिच्चावत संखारा उप्पादवय धम्मिनो*
*उपज्जित्वा निरुज्झन्ति तेसं उपसमोसुखो'ति ।*

## समाचार

### नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षाफल प्रकाशित

२०५८, २३ गते, ललितपुर । नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय परीक्षा नियन्त्रण कार्यालय, मणिमण्डप विहारले गत माघ महिनामा सञ्चालित बु.सं. २५४५ वर्षको वार्षिक परीक्षाफल प्रकाशित गरेको छ । उपत्यका र बाहिरका विभिन्न जिल्लाहरूका २० वटा परीक्षा केन्द्रहरूमा प्रारम्भिक प्रथम वर्ष तहदेखि परियत्ति सद्धम्म कोविद तहसम्म जम्मा ७५४ परीक्षार्थीहरू सम्मिलित थिए भने जसमध्मे ६७३ जवान उत्तीर्ण भएका छन् । बोर्ड श्रेणीमा १८, प्रथम श्रेणीमा ३४५, द्वितीय श्रेणीमा २१२ जवान र तृतीय श्रेणीमा ९८ जवान समुत्तीर्ण भएका छन् ।

बुद्ध भूमी नेपाल अधिराज्यमा बुद्ध धर्म, दर्शन एवं संस्कृतिलाई अध्ययन अध्यापन कार्यमा अखिल नेपाल भिक्षु महासंघबाट सञ्चालिन नेपाल बौद्ध परियत्ति शिक्षा, बुद्ध समबत् २५०७ अर्थात् ३८ वर्ष अघि देखि निरन्तर रूपमा चल्दै आइरहेको शिक्षण संस्था हो । प्रत्येक वर्ष विद्यार्थीहरूका बीच परीक्षा सञ्चालन गर्दै विद्यार्थीहरूलाई हौसला प्रदान गर्न विभिन्न पुरस्कार वितरण गर्दै आए अनुरूप यसपाली पनि नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय परीक्षा नियन्त्रण कार्यालयले एक भव्य समारोह गरी पुरस्कार वितरण गरिने कुरा परीक्षा नियन्त्रक भिक्षु शीलभद्र महास्थविरले जानकारी गराउनु भएको छ ।

### श्रीकीर्ति विहारमा बुद्ध पूजा र संघ दान

परमपूज्य सोमदेच फ्रा ञाणसंवर संघराज समल महासंघ परिणायकको दीर्घायु तथा सुस्वास्थ्य कामना गर्दै बुद्धपूजा र संघदान गर्दै थाई भिक्षु संघ र उपासक उपासिकाहरूको ५७ जवानको समूह काठमाडौं आएको छ ।

थाई भिक्षु संघ र उपासक उपासिकाहरूबाट संघराज भन्तेको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै नगर मण्डप श्रीकीर्ति विहार भक्तपुर स्थित मुनि विहार मा बुद्ध पूजा र संघदान गरेको छ ।

### ज्ञानमाला रत्नवत सिरपा प्रदान

ज्ञानमाला भजन खल: स्वयम्भूको अध्यक्ष श्री शान्तरत्न शाक्यज्यूको अध्यक्षतामा बसेको ज्ञानमाला रत्नवसत सिरपा: कमिटीको बैठकले बि.सं. २०५८ (२५४५) को "ज्ञानमाला रत्नवत सिरपा" आठौं पटकको पुरस्कार निम्न बमोजिम दिने घोषणा गरेको छ ।

१. भिक्षु-भिक्षुणी वा अनगारिका गुरुमाँहरूमध्ये एक जनालाई दिने "ज्ञानमाला रत्नवत सिरपा:" पुरस्कार (प्रथम भाग) श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, विश्वशान्ति विहार, बानेश्वर ।
२. ज्ञानमाला भजन खल: संघ मध्ये एक जनालाई दिने सिरपा: पुरस्कार (द्वितीय भाग) लिधसा ज्ञानमाला भजन खल: त:खोना, ललितपुर ।
३. ज्ञानमाला भजन र बौद्ध धर्मको ब्यापक प्रचार प्रसार गर्ने व्यक्तित्व मध्ये एक जनालाई दिने सिरपा: (तृतीय भाग) बौद्ध साहित्य विद्वान प्रा. आशाराम शाक्य ललितपुरलाई दिने निर्णय गरेको छ ।

ज्ञानमाला भजन खल: स्वयम्भुका दिवंगत पूर्व अध्यक्ष रत्नबहादुर तण्डुकार र उनको परिवारबाट जम्मा गरिएको अक्षयकोष रकमको ब्याज रकमबाट पौभा (प्रमाण-पत्र) र रकम पुरस्कार गत २०५१ सालदेखि अनवरत रूपमा प्रत्येक वर्ष प्रदान गर्दै आएको हो । उक्त पुरस्कार यही २०५८ चैत्र ३१ गते शनिवार विहान ८ बजे स्वयम्भू महाचैत्य स्थलमा प्रदान गर्ने कार्यक्रम भएको थियो ।

उक्त पुरस्कार २०५१ सालमा भिक्षु अश्वघोष महास्थविर, ज्ञानमाला भजन खल: स्वयम्भू र धर्मरत्न शाक्य 'त्रिसुली' २०५२ सालमा भिक्षुणी धम्मवती, तारेमाम ज्ञानमाला तथा संगीतज्ञ केशरमान तुलाधर, २०५३ सालमा भिक्षु शुर्दशन महास्थविर, ज्ञानमाला सभा महाचैत्य विहार, तानसेन पाल्पा, श्री आनन्द शाक्य, २०५४ सालमा भिक्षु सुबोधानन्द महास्थविर, ज्ञानमाला न्ह्याइपु खल: पांगा, श्री हिराकाजी सुजिकालाई २०५५ सालमा भिक्षु बुद्धघोष महास्थविर, ज्ञानमाला संघ सुनसरी, धरान र हर्षमुनि शाक्य, २०५६ सालमा संघमहानायक भिक्षु अनिरूद्ध महास्थविर, दिपंकर ज्ञानमाला भजन खल:, कृष्णबहादुर उपासकलाई र २०५७ सलामा त्रिपिटकाचार्य भिक्षु कुमार काश्यप महास्थविर, श्रीघ: ज्ञानमाला भजन खल: र संगीतकार किरण शाक्यलाई प्रदान गरिएको थियो ।

## प्रशिक्षण शिविर समापन

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आह्वानमा तमु छोंज थीं सिन्धुपाल्चोकद्वारा सिफलमा आयोजित बुद्ध धर्म सम्बन्धि सप्तााहव्यापी प्रशिक्षण शिविरको समापन समारोह सम्पन्न भएको समाचार छ। नारायण बहादुर गुरुङ्गको अध्यक्षतामा सम्पन्न भएको उक्त समापन समारोहमा प्रशिक्षक विनयाचार्य राजकीय पण्डित, शास्त्रपति भिक्षु आनन्दले विषय वस्तुमा आशक्ति हुने चित्तका क्लेश (राग, द्वेष, मोह) लाई निर्मुल गर्नु नै निर्वाण हो भनी धर्मदिशना गर्नु भएको थियो।

बुद्ध धर्म र दर्शनलाई व्यवस्थित ढंगले अध्ययन मनन गर्ने लक्षलिई सप्ताहब्यापी प्रशिक्षण शिविरमा उपस्थित प्रशिक्षार्थी 'महानुभावहरू मध्येबाट निम्न लिखित महानुभावहरू रहनेगरी एक समिति गठन गरिएको कुरा थाहा हुन आएको छ।

संयोजक- नारायण बहादुर गुरूङ्ग, उप संयोजक- भक्त बहादुर गुरुङ्ग, सदस्य सचिव- विजेन्द्र गुरूङ्ग, कोषाध्यक्ष- परशुराम गुरूङ्ग। सदस्यहरू- स्वस्थानी गुरुङ्ग, आसमा गुरुङ्ग, गोमा गुरुङ्ग, निरमाया गुरूङ्ग, शिष घले, भरत बहादुर घले, कमला शर्मा, सुनमाया गुरूङ्ग, बसन्ती गुरूङ्ग र निशा गुरूङ्ग।

विजेन्द्र गुरूङ्गले स्वागत भाषण गरी संचालन गर्नु भएको उक्त समारोहमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो- केन्द्रिय दायक परिषदका अध्यक्ष- बखत बहादुर चित्रकार, सल्लाहकार - लोकबहादुर शाक्य, सचिव- विष्णु रत्न शाक्य, डा. सानुभाई डंगोल आदि। उक्त समारोहमा भिक्षु आनन्दबाट "सचित्र बुद्ध जीवनी" पुस्तक चेतनमाला भजन गाउने घले गुरूङ्ग समुदायलाई वितरण गर्नुभएको थियो।

## कान्को बुद्ध औं शरनाङ

स्थान- नगर मण्डप श्री कीर्ति विहार।

"कान्को बुद्ध औं शरनाङ" भन्ने बुद्ध र बुद्ध धर्म सम्बन्धी मगर भाषाको पहिलो भक्तिगीत क्यासेट एक समारोहविच विमोचन गरिएको समाचार छ। भिक्षु ज्ञानपूर्णिक महास्थविरले शील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम मगर बौद्ध सेवा समाजका अध्यक्ष श्री देववहादुर राना मगरको सभापतित्त्वमा सम्पन्न भएको थियो।

उक्त क्यासेटमा सुश्री चन्द्र आले मगर, सुश्री चम्फा आले मगर र सुधा आदिले गाउनु भएका जम्मा ७ वटा गीतहरू संगालिएको कुरा बुझिन आएको छ। यस गीतको निर्माण र समारोह आयोजनाको लागि नगर मण्डप श्रीकीर्ति विहारले आवश्यक सहयोग गरेको कुरा पनि ज्ञात हुन आएको छ।

## आयु संस्कार परित्याग विषयमा प्रवचन

२०५८ फागुण १५ गते।

स्थान- भोजपुर टक्सार बौद्ध शाक्य समाज।

भोजपुर टक्सार बौद्ध शाक्य समाजको आयोजनामा संस्थाका सदस्य बुद्ध दास शाक्यको निवास ग्वार्को ललितपुरमा एक समारोह विच आयु संस्कार परित्यागा दिवस मनाइएको समाचार छ। बौद्ध ज्ञानमाला भजन, बुद्ध पूजा, परित्राण पाठ गरिएको उक्त कार्यक्रममा बुद्ध शिक्षा विषयमा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो - देवकाजी शाक्य, खड्ग रत्न, लक्षमण शाक्य, र हीरालाल शाक्य। स्व. सुशीला गुरुमांको पुण्य स्मृतिमा उहाँको निर्वाण कामना गरी सम्पन्न गरिएको उक्त कार्यक्रममा उपस्थित सबै उपासक उपासिकाहरूलाई भोजन दान गरिएको थियो।

२०५८ फागुण २५ गते।

स्थान- मैत्रेय युवा संघको सभाकोठा।

मैत्रेय युवा संघको आयोजनामा बुद्धको आयु संस्कार परित्याग विषयमा प्रवचन कार्यक्रम सम्पन्न गरिएको समाचार छ। प्रवचक भिक्षु धम्मशोभन महास्थविरले बुद्ध, धर्म र संघको महत्त्व वर्णन गर्नुहुँदै बुद्ध जस्तो महामानवले पनि आफ्नो जीर्ण हुँदै गएको शरीर परित्याग गर्नु पर्ने संसारको अनित्य स्वभावलाई प्रकाश पार्नुभयो।

यसरी नै प्रभा बज्राचार्य र प्रभा शाक्यले भिक्षु अश्वघोष महास्थविरले प्रवचन दिनु भएको सामाजिक सुख विषयमा प्रतिवेदन सुनाउनु भयो। संघका सदस्य ज्ञानेन्द्र शाक्यले कार्यक्रम संचालन गर्नु भएको थियो।

## पानी ट्यांकी दान

२०५८ फागुण १५।

स्थान- बोधिसत्त्व विहार, संखुवा सभा, चैनपुर।

स्वर्गिय श्री ललितमान शाक्यको पुण्य स्मृतिमा उहाँका परिवारहरूले विहारको लागि पानी ट्यांकी दान दिएको समाचार प्राप्त भएको छ। श्री चन्द्र ज्योती शाक्यको संयोजकत्त्वमा संचालित कार्यक्रममा ट्यांकी दाता परिवारलाई धन्यवाद ज्ञापन गर्ने व्यक्तिहरूको नामावली यसरी रहेको थियो- श्री केदार प्रसाद श्रेष्ठ, गंगा शाक्य, प्रमोद शाक्य, पद्म शाक्य र चन्द्र ज्योती शाक्य। कार्यक्रमको अन्त्यमा स्व. ललितमान शाक्यको पुण्य स्मृतिमा पुण्यानुमोदन गरिएको थियो।

## बुद्ध विहार स्थापना दिवस र भिक्षु सुमंगलको जन्मजयन्ती सम्पन्न

२०५८ चैत्र ९ गते ।
स्थान- बुद्ध विहार भृकुटीमण्डप ।

यसदिन बुद्ध विहार भृकुटीमण्डपको स्थापना दिवस एवं विहारका संस्थापक भिक्षु सुमंगल महास्थविर को जन्म जयन्ती उत्सव मनाइएको छ । यही उपलक्षमा बुद्ध विहार भृकुटी मण्डप र बौद्ध वृद्धाश्रम वनेपाका संस्थापक भिक्षु सुमंगल महास्थविरको नामबाट स्थापित 'सुमंगल स्मृति अभिनन्दन पुरस्कार" यसपालि नेपालका श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविर र श्रद्धेय उपनायक भिक्षु सुबोधानन्द महास्थविरलाई प्रदान गरिएको छ । स्मरणिय छ उक्त पुरस्कार रकम रु. ५०००।- रहेको कुरा थाहा हुन आएको छ ।

## प्रवचन

२०५८ चैत्र १३ गते ।
स्थान- धर्मशीला बुद्ध विहार, नदीपुर, पोखरा ।

युवा बौद्ध संघ पोखराले संचालन गर्दै आएको मासिक प्रवचन शृङ्खला अन्तरगतको पाँचौं पटकको प्रवचन सम्पन्न भएको समाचार छ । प्रवचनका सिलसिलामा भिक्षु अस्सजिले बुद्ध शिक्षाको महत्त्वपूर्ण अंगको रुपमा रहेको आर्य अष्टाङ्गिक मार्गहरू विषयमा विभिन्न उदाहरणहरू दिई व्याख्या गर्नुभएको थियो ।

उक्त अवसरमा बौद्ध अर्घौं सदन रामघाटका पूर्व अध्यक्ष बिल बहादुर गुरूङ्गले यस प्रकारको बुद्ध धर्म सम्बन्धि प्रवचनबाट आफू ज्यादै प्रभावित भएको र यस कार्यक्रमलाई युवा बौद्ध संघले अन्य विहार गुम्वाहरूमा पनि आयोजना गर्दै जानुपर्ने सुझाव व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा पोखरा उप महानगर पालिका भित्रका विभिन्न विहार, गुम्वा तथा बौद्ध संघ संस्थाका उपासकोपासिकाहरूको सहभागिता रहेको थियो ।

## २५४६ औं बुद्ध जयन्ती सम्पन्न गर्नको लागि समिति गठन

आगामि २०५९ जेठ १२ गते आइतवारको दिन २५४६ औं बुद्ध जयन्ती समारोह हर्षोल्लासपूर्ण तरिकाले मनाउनको लागि भिक्षु कुमार काश्यप महास्थविरको अध्यक्षतामा बुद्ध जयन्ती समारोह समिति गठन गरिएको समाचार छ ।

उक्त समितिका कार्यकारिणी सदस्यहरू यसरी रहेको कुरा थाहा हुन आएको छ ।

अध्यक्ष- भिक्षु कुमार काश्यप महास्थविर, उपाध्यक्षहरू- भिक्षु सुमेघ महास्थविर, बुद्ध रत्न बज्राचार्य, श्यामकृष्ण मानन्धर र नानीभाइ स्थापित । महासचिव- गौतम शाक्य । सचिव - रमेश मानन्धर । सह-सचिव- संघ रत्न शाक्य । कोषाध्यक्ष - माणिकरत्न शाक्य । सहकोषाध्यक्ष- मणिरत्न तुलाधर । सदस्यहरू- भिक्षु कोण्डञ्ञ, भिक्षुणी धम्मवती, श्रामणेर प्रज्ञारत्न, रत्नकाजी ताम्राकार, तुलसीकृष्ण मानन्धर, हर्ष वहादुर मानन्धर, दीर्घमान श्रेष्ठ, अष्टमुनी गुभाजु, बेटी बज्राचार्य, रामेश्वर प्रसाद श्रेष्ठ, नामग्याल श्रेष्ठ, रत्नबहादुर बज्राचार्य र केदार शाक्य आदि । सल्लाहकारहरू - भिक्षु सुदर्शन महास्थविर, तीर्थ नारायण मानन्धर, लोकदर्शन बज्राचार्य, प्रयागराजसिं सुवाल, प्रा. सुवर्ण शाक्य, ज्ञानज्योती कंसाकार र सांसद लक्ष्मीदास मानन्धर ।

## नगदेश बौद्ध समूहका अध्यक्षको देहावसान

धर्मोदय सभा, मध्यपुर- थिमि नगर शाखा नगदेशका संस्थापक अध्यक्ष, एवं नगदेश बौद्ध समूहका अध्यक्ष श्री ज्ञान कुमार बाडे गत २०५८ चैत्र– १५ गते बिहिबार, होलिपूर्णिमाको दिनमा ६४ बर्षको उमेरमा क्यान्सर रोगबाट पिडीत भै देहावसान हुनुभयो । मध्यपुर-थिमिको नगदेशमा थेरवादी बुद्ध शासनलाई संस्थापन एवं अभिवृद्धि गर्नाखातिर लागी पर्नु भएका अध्यक्ष बाडेज्यूको बायाँ हातमा मासुको डल्लोपाकी अपरेशन गर्दा गर्दै उक्त घाउ क्यान्सरमा परिणत भएको थियो भने सोही रोगको कारणबाट देब्रे (बायाँ) हात समेत काटीनु पऱ्यो । एउटै हातले आफैले डकर्मी भै नगदेश स्थितको ऐतिहासिक विश्वभू तीर्थ जिर्णोद्धार एवं सिद्धार्थ पोखरी पुनर्निर्माण कार्य सम्पन्न गर्नु भयो भने सोही परिसरमा दुईवटा पाटी सत्तल निर्माण गर्नु भयो ।

दिवंगत अध्यक्ष ज्ञान कुमार बाडेले मध्यपुर-थिमि नगर क्षेत्र भित्र बाहिर विभिन्न स्थान, टोलमा चैत्यराज प्रतिष्ठापन गर्ने कार्यमा लागी पर्नु भएको थियो भने नगदेश बुद्ध विहार भवन निर्माण कार्यमा स्वयम् डकर्मी नाईके भै भवन निर्माण कार्य सम्पन्न गराउनु भएको थियो । नगदेश बौद्ध समूह र धर्मोदय सभा, मध्यपुर-थिमि नगर शाखा, नगदेशको संयुक्त आयोजनामा वहाँको पुण्य स्मृतिमा भावपूर्ण शोक श्रद्धाञ्जली व्यक्त गरीयो र शोक सन्तप्त परिवार प्रति दुःखद घडीमा धैर्य धारण गर्न सकोस् भनी हार्दिक समवेदना पनि प्रकट गरियो । दीवंगत अध्यक्ष बाडेज्यूको मरणोप्रान्त दुबै आँखा (नेत्र) दान गर्ने कार्य समेत भयो ।

## बुद्धपूजा

२०५८ फागुण २२ गते । थाय्- सुवर्ण छत्रपुर विहार लुभु । सुवर्ण छत्रपुर विहारे लय् लय् पतिकं न्ह्यानावयाच्वंगु ज्याझोकथं बुद्ध पूजा ज्याझो क्वचायकूगु समाचार दु । प्राप्त समाचार कथं ज्ञानमाला भजन, श्रद्धेय भिक्षु बोधिज्ञान पाखें शील प्रार्थना व बुद्ध पूजा, धर्मदेशना कार्यक्रम क्वचा:गु ख: । अथेहे चिरीमाया महर्जन वयक:या दिवंगत बौ जोगलाल महर्जनया पुण्य स्मृतिस सकल उपासक उपासिकापिन्त जलपान याकूगु ख: ।

धर्म देशनां लिपा दिवंगत भाजु जोगलाल महर्जनया पुण्य स्मृतिस भिक्षु संघपाखें परित्राण पाठ, दान प्रदान व पुण्यानुमोदन याना: कार्यक्रम क्वचायकूगु ख: । पुण्यानुमोदन लिपा भिक्षुसंघ सहित सकल उपासकोपासिकापिन्त भोजन दान या:गु ख: ।

## मैत्रेय युवा संघया वार्षिकोत्सव

२०५८ चैत्र १० गते । थाय्- जयकृति विहार, थथुबही ।

बुद्ध धर्मया माध्यमं युवावर्गपिन्त भिंगु लँय् वनेत चेतना बीगु, समाजय् दयाच्वंगु विकृतीत न्हंकेगु आज्जुतया: २०५३ फागुण २५ गते नीस्वंगु मैत्रेय युवा संघया न्याक्व:गु अधिवेशन क्वचा:गु समाचार दु ।

संघया नायो तीर्थराज बज्राचार्य सकसितं लसकुस यानादीगु थुगु ज्याझ्व: कृष्ण कुमारया मू पाहाँले सम्पन्न जूगु ख: । थुगु ज्याझ्व:ले संघया दांभरी रुद्र चित्रकारं ल्या:चा: न्ह्यब्वया दिलसा सल्लाहकार लक्ष्मीचन्द्र बज्राचार्यं वार्षिक प्रतिवेदन न्ह्यब्वयादीगु ख: । अथेहे तुलसीकाजी मानन्धर, पुरुषोत्तम शिल्पकार व तेज रत्न शाक्यं संघया थुजागु नियमित ज्याझ्वलं युवावर्गपिन्त बाँला:गु प्रभाव लाकीगु खँ प्वंकादिल ।

लय् निस: व सच्छितका दां बिया दच्छितक्कं गुहाली या:पिं दातापिं ज्ञानेन्द्र शाक्य, रामकृष्ण वैद्य, गणेशमान श्रेष्ठ, रुद्र चित्रकार व विजेन शाक्यपिन्त भिक्षु नन्द महास्थविरं बुद्धया प्रतिमा उपहार प्रदान याना विज्यातसा मू पाहाँ कृष्ण कुमार प्रजापति व सभापति रामकृष्ण वैद्यं बुद्ध शिक्षाया महत्त्व वारे चर्चा यानादिल । संघया दुज: ज्ञानेन्द्र शाक्यं न्ह्याकादीगु थुगु ज्याझ्वले उपसचिव कृष्णचन्द्र बज्राचार्य सुभाय् बियादीगु ख: ।

## युवा बौद्ध जागरण शिविर

युवा बौद्ध समूह, यें या ग्वसाले व हिमालयन बुद्धिष्ट एजुकेशन फाउण्डेशनया सहयोगे छन्हूया बौद्ध जागरण शिविर शनिवा: जगत सुन्दर ब्वने कुथिई संचालन जुल ।

उगु शिविरे वडा नं १९ व २० या स्थानीय नेवा: समुदायया ४० म्ह सहभागीतय्सं ब्वति का:गु ख: ।

शिविरया सहभागीतय्त सम्बोधन यासें भिक्षु सुशीलं व्यवस्थित व सौहार्दपूर्ण सामाजिक जीवनया लागि भगवान बुद्धं संघयात जोड विया विज्यागु ख: । अथे हे भाजु विपेन्द्र महर्जनं बुद्ध धर्म हरेक प्राणीया दु:ख मदयकेगु लँय् लक्षियत जुगु खँ कनादिल ।

प्रा.सुवर्ण शाक्यं नेवा: समाज दुने उँच नीचया भेद मदुगु तर ज्याया प्रकृतिया आधारय् जिम्मेवारी विया त:गु खँ कुला दिसें नेवा: समाज दुने समाजं च्युत जुया दलित जुपिं सु मदु धया बिज्यात ।

युवा बौद्ध समूहया नायो शान्त रत्न शाक्यं सभापतिया आसनं भ्री हरेक बुद्ध मार्गीतसें बौद्ध संस्कार पद्धतियात फतिंफक्वं व्यवहारय् छ्यले मा:गु खँय् ब: बियादिल । समूहया सल्लाहकार हर्षमुनि शाक्यं नेपा: गालय् दक्कले न्हापा तिब्बती मूलया मनूत वया बसोबास शुरु या:गु खँ कनादिल ।

समूहया उपाध्यक्ष भाजु त्रिरत्न मानन्धरं लसकुस न्वचु बिसें बुद्ध धर्मयात जनस्तरय् प्रचार प्रसारयाना यंकेगु ता:तुना बौद्ध जागरण शिविर न्ह्याकावया च्वनागु खँ न्ह्यथनादिल ।

समूहया सहसचिव राजा वज्राचार्य सहभागीपिन्त धन्यवाद बिया बिज्यागु ख: । ज्या: इव: न्ह्याकेगु ज्या: समूहया कोषाध्यक्ष तेज नारायण मानन्धरं पाखें जुगु ख: ।

## बुद्ध पूजा

सुवर्ण छत्रपुर विहार लुभुया विभिन्न उपासकोपासिकापिनि आयोजनाय् वि.सं. २०५८ फागुण २२ गते, चैत्र १२ व २३ गते स्वन्हु बुद्ध पूजा ज्याझ्व: सम्पन्न जूगु समाचार दु । उगु बुद्ध पूजा ज्याझ्वले पञ्चशील प्रार्थना, धर्मदेशना व परित्राण पाठ, ज्ञानमाला भजन, अष्ट परिष्कार दान आदि ज्याझ्व:त सम्पन्न जूगु खँ समाचारय् उल्लेख जुयाच्वंगु दु ।

फागुण २२ गते भिक्षु बोधिज्ञान, चैत्र १२ गते भिक्षु आनन्द व चैत्र २३ गते भिक्षु सोभित उपस्थित जुयाबिज्या:गु उगु ज्याझ्व: मध्ये चैत्र २३ गते भिक्षु सोभित धर्मदेशना यासें बुद्धया शिष्य जुयाच्वंपिं उपासकोपासिकापिसं थ:थ:गु कर्त्तव्य पालन याय्गुली कुत: याय्मा:गु खँ न्ह्यथना बिज्यात ।

बुद्ध पूजा ज्याझ्वले जलपानया व्यवस्था यानादीपिं उपासक-उपासिकापिनि नां थुकथं उल्लेख जुयाच्वंगु दु– चिरीमाया महर्जन, पूर्णमान महर्जन आदि ।

## तीन दिने प्रव्रज्या कार्यक्रम

श्रद्धेय संघनायक भिक्षु अनिरुद्ध महास्थविरको उपाध्यायत्त्वमा वैशाख १–३ सम्म बुद्ध विहार भृकुटी मण्डपमा युवा बौद्ध समूह काठमाडौंको आयोजनामा १० वर्ष देखि १५ वर्षसम्मका बालकहरूलाई बौद्ध संस्कार पद्धती अनुसार तीन दिने प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१५, काठमाडौं । फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८